


वर्ष-१३, संयुक्ताङ्क १-३, २०६३

**सल्लाहकार**
डा. अर्जुन कार्की
डा. ऋषि अधिकारी
सर्वराज खड्का

**सम्पादन**
रामप्रसाद गौतम
सोम राई

**प्रकाशक**
नेपाल ग्रामीण पुनर्निर्माण संस्था
पो.ब.नं. ८१३०
लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं. ४४१५४१८
फ्याक्स: ४४१८२९६
इमेल: rrn@rrn .org .np
वेबसाइट: www.rrn .org .np

# यस अंकमा

**दैलेखको विकासमा गैरसरकारी संस्थाहरूको योगदान: एक विवेचना** - सर्वराज खड्का ........ २

**बेली सिंचाई (कल्याण दह): एक चिनारी** - सन्तलक्ष्मी उदास ........ ५

**असमावेसीकरण र द्वन्द्व** - लीलबहादुर कार्की ........ ७

**वास्तविक घटनामा आधारित दुई भावना**- ललिता राई ........ १०

**महिला स्वास्थ्य र एड्स** - ईन्दु उपाध्याय ........ ११

**संविधानसभा र महिला** - लक्ष्मी कार्की ........ १३

**दुधे बालक घरमै छाडी श्रमदानमा जुटे महिलाहरू** - गिरिश भट्ट ........ १५

**सल्यानमा सामुदायिक खानेपानी, सरसफाई तथा स्वास्थ्य कार्यक्रम** - विश्वमणि खनाल ........ १७

**फोहरा सिंचाई योजनाले ल्यायो चुनवामा खुसी** - उर्मिला बि.क. ........ २२

**उदाहरणीय बनेकी छिन् ग्रामीण महिला पशु स्वयंसेविका** - लक्ष्मी कटुवाल ........ २३

**काउली जातका तरकारी बालीमा मलखाद व्यवस्थापन** - अनन्त घिमिरे ........२५

**खानेपानी अभावबाट मुक्त भए जरुवासिद्ध पोखरीका जनताहरू** - अशोक बस्नेत ........ २६

**एकल महिलाहरूले पुनर्जीवन पाए** - भरत कुसुवार ........ २७

**व्यवस्थित पशुपालन आयस्रोतको एक उपाय** - रबीन तामाङ ........ २९

**समूह: के, किन र कसरी चलाउने ? एक जानकारी** - दीपबहादुर राई ........ ३१

**अनौपचारिक शिक्षा र यसको महत्व** - उमेश भारती ........ ३३

**आरआरएन गतिविधि** ........ ३५

# दैलेखको विकासमा गैरसरकारी संस्थाहरूको योगदानः एक विवेचना

सर्बराज खड्का

## परिचय

कुनै पनि देश वा समाजको विकास निर्माणका लागि राज्य क्षेत्रमा पर्ने विभिन्न संघ संस्था वा व्यक्तिहरूले पनि त्यत्तिकै योगदान पुऱ्याइरहेका हुन्छन् । सबैको सहयोग नहुँदा विकासको गतिमा शिथिलता वा अपूर्णता रहने सम्भावना रहन्छ । यस अर्थमा दैलेख जिल्लाको सामाजिक, भौतिक, आर्थिक, मानवीय लगायतका विकासमा पनि विभिन्न सरकारी, गैरसरकारी तथा प्राइभेट संघ संस्थाहरूले यथोचित योगदान पुऱ्याइरहेको जग जाहेर नै छ । यस परिप्रेक्षमा यस सानो लेखमार्फत दैलेख जिल्लामा गैरसरकारी संस्थाहरूले जिल्लाको विकासमा खेलेको र खेल्नसक्ने भूमिकाको बारेमा छोटो विवेचना गर्ने काम भएको छ ।

नेपालमा दुई प्रकारका गैरसरकारी संस्थाहरू कार्यरत छन् । स्वदेशी वा राष्ट्रिय र विदेशी वा अन्तर्राष्ट्रिय । प्रथम प्रकारकोमा संघ संस्था दर्ता ऐन २०३४ बमोजिम नेपालमा नै दर्ता भएका स्वदेशी संगठित संस्थाहरू र दोश्रो प्रकारकोमा नेपाल बाहेकका अन्य मुलूकमा दर्ता भै नेपाल सरकारका विभिन्न निकायहरू (मुलतः समाजकल्याण परिषद्) सँग कानुन बमोजिम सम्झौता गरी कार्यरत विदेशी वा अन्तराष्ट्रिय संस्थाहरू पर्दछन् । स्वदेशी गैरसरकारी संस्थाहरूलाइ छोटोमा गै.स.स. भनेर चिन्ने गरिएको छ भने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई छोटोमा अ.गै.स.स. भनेर चिन्ने गरिएको छ । वर्तमान खुला र लोकतन्त्रतर्फ संक्रमणको अवस्थामा गुज्रिरहेको र थुप्रै चुनौति र आवश्यकताहरू झेलिरहेको समाजको विकासका लागि सरकारी स्रोत, साधन र सहयोग उपलब्ध भएर पनि पर्याप्त नरहेको थुप्रै उदाहरणहरू भेटिन्छन् । समाजमा विद्यमान समस्याहरू समाधान गर्न प्रशस्तै प्रयासहरूको जरुरत छ । सरकारी प्रयास अपूर्ण वा अर्ध उपलब्ध भैरहेको यस कालमा दुवै प्रकारका गै.स.स.हरूको भूमिका विकास निर्माणका लागि अपरिहार्य जस्तै भैसकेको छ ।

## गै.स.स.हरूले विकास निर्माणमा कसरी टेवा पुऱ्याउँन सक्छन् ?

प्रायः सबैजसो गै.स.स.हरूले सामाजिक, आर्थिक, भौतिक, मानवीय लगायतका समाजका विकासको विभिन्न पक्षमा सहकार्य गर्दै समाजलाई प्रगतिउन्मुख गराउन सहजकर्ताको रूपमा कार्य गर्दछन् । खास गरिकन गै.स.स.हरूले कार्य गर्ने क्षेत्र भनेको भौगोलिक विकटता, सामाजिक, उत्पीडन, आर्थिक पछौटेपन, स्रोत साधन र शक्तिबाट विमूख भै गरिबी, अशिक्षा, रोग र शक्तिविहीनताको अवस्थामा जीवन गुजारी रहेको समुदाय र समाज हो । दैलेख जिल्लाको वर्तमान संरचनालाई विश्लेषण गर्दा माथि उल्लेखित सम्पूर्ण अवस्थाहरू दरो रूपमा उपस्थित छन् । त्यसो भएको हुँदा यहाँ गै.स.स. हरूको कार्यक्षेत्र एकदमै उर्वर हुनु स्वभाविकै हा ।

## दैलेख जिल्लाका सामाजिक, आर्थिक लगायत केही विकासका सूचकहरू

यो जिल्ला नेपालको मध्यपश्चिम विकास क्षेत्रको पहाडी भेगमा अवस्थित छ । यहाँका जनताको साक्षरता केवल ४८ प्रतिशत मात्र रहेको छ, त्यसमा पनि महिलाको साक्षारता करीब ३२ प्रतिशत मात्र छ । केवल १८ प्रतिशत जति घरघुरीले मात्र व्यवस्थित शौचालयको प्रयोग गर्ने गरेको र बाँकीले खुला रूपमा दिसापिसाब त्याग गर्ने गर्दछन् । केवल ३७ प्रतिशत जनसंख्याले मात्र सुधारिएको स्रोतको खानेपानी प्रयोग गर्ने अवसर पाएका छन् । ९४ प्रतिशत बढी परिवारले खाना पकाउनका लागि जैविक स्रोतबाट प्राप्त ठोस इन्धनमा भर पर्नु परेको छ । वि.स. २०५८ को जनगणना अनुसार यस

जिल्लाको कूल जनसंख्या २, २२, २०१ र महिलाको संख्या १, १५, ०७६ (पुरुषकोभन्दा बढी) रहेको छ । समाजमा चेतनाको स्तर न्यून छ ।

दैलेख एक यस्तो जिल्ला हो जहाँ दलितहरूको संख्या उल्लेख्य छ । जनसंख्याको हिसाबले क्षेत्री करीब ३५% छन भने दोश्रो ठूलो समूहका रूपमा कामीको उपस्थिति छ । झण्डै १५.५% को हाराहारीमा कामीको जनसंख्या रहेको छ । ठकुरी (करीब १४%) र बाहुन (करीब १२ %) पश्चात् पाँचौ प्रमुख जात जातिको रूपमा मगर (करिब १0% को बाहुल्यता छ । यसरी जातिगत रूपमा हेर्दा पनि दैलेखमा पाइने जातजातिहरू आम रूपमा पिछडिएका र जोखिमको जीवन विताइरहेका मध्ये पर्दछन । यहाँ वर्गीय विषमता पनि त्यत्तिकै छ । तथाकाथित तल्लो जातजातिका मात्र होइन कि उपल्लो जातजातिमा पर्ने समुदाय पनि आर्थिक रूपले निक्कै नै जोखिममा रहेको पाइन्छन् ।

पहाडी धरातल भैकन पनि तुलनात्मक रूपमा उत्पादनका स्रोत र साधनको प्रचुरता दैलेखमा छ । तर तिनको व्यवस्थापन र वितरण न्यायोचित हुन सकिरहेको छैन् । मानवअधिकार तथा सामाजिक न्यायको सिद्धान्तका आधारमा समाजको हेपिएका र नसमेटिएका वर्गहरू अंझै पनि मानवोचित जीवनयापन गर्नबाट अर्थपूर्ण रूपमा बञ्चित छन । यस परिवेशमा गै.स.स.हरूले दैलेखमा थुप्रै काम गर्न सक्ने अवस्था विध्यमान छ ।

**दैलेख र गै.स.स.**

विगतमा सरकारी निकायबाट दैलेख जिल्ला जसरी उपेक्षित भएको थियो गैरसरकारी स्तरबाट पनि त्यस्तै उपेक्षा व्यहोर्नु परेको थियो । तर सन १९९० को राजनैतिक परिवर्तन पछि विकासलाई बढी विकेन्द्रित र व्यापक बनाउँदै समस्यामा बाँच्न विवश वर्गसम्म पु-याउने प्रयास र खुकुलो राजनैतिक परिवेश स्वरुप यस जिल्लामा पनि केही गै.स.स.हरूले काम गर्न शुरुवात गरेको पाइन्छ । यस पूर्वका सिमित क्रियाकलापहरू मार्फत गै.स.स.हरूले आफूलाई विकासमाभन्दा लोक कल्याणकारी कार्यमा बढी केन्द्रित गरेको पाइन्छ । बहुदलीय राजनैतिक व्यवस्थाले प्रदान गरेको वातावरण तथा जनसेवामा समर्पित व्यक्ति तथा संस्थाहरूमा आएको परिपक्वता, जसलाई अन्तराष्ट्रिय वातावरणले पनि थप सहयोग गरेको थियो, जसले गर्दा जन विकासलाई राहत होइन कि उनीहरूको अधिकारको रूपमा परिभाषित गर्ने र उक्त अधिकारहरू उपभोग गर्नका लागि विभिन्न शसक्तिकरणका कार्यक्रमहरू संचालन गर्ने परिपाटीको थालनी भयो ।

वर्तमानमा दैलेख जिल्लामा कार्यरत गै. स. स. हरू र तिनीहरूको कार्यक्षेत्रमा केही बिविधता आएको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय गै. स. स. हरू मध्येका केही यस जिल्लामा कार्यरत छन । राष्ट्रिय स्तरको गै. स. स. हरूमा जिल्लामा नै स्थापना भै काम गर्दै आएका र जिल्ला बाहिर स्थापना भै यहाँ आएर काम गर्ने गरी दुई प्रकारका संस्थाहरू छन। २०६२।०६३ मा यस जिल्लामा दर्ता एंव नियमित नविकारण गरी काम गर्दै आएका संस्थाहरूको संख्या केवल ३० को हाराहारीमा मात्र रहेको छ । जिल्ला बाहिर स्थापना भई यहाँ आइ आफै वा अन्य स्थानीय संघ-संस्था मार्फत काम गर्ने केही संस्थाहरूमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था, ईकार्डस नेपाल, फरवार्ड, सिप्रेड आदि हुन ।

त्यसैगरी जिल्लामा केही अ.गै.स.स. तथा द्विपक्षीय एंव बहुपक्षीय सहयोग मार्फत केही कार्यक्रमहरू संचालन भैरहेको छन । यसरी कार्यरत संस्था तथा कार्यक्रमहरूमा एक्शन एड., डि. एफ.आइ. डी., जि. टि. जेड, हेल्भेटास, विश्व खाद्य कार्यक्रम, यू. एन. डि. पी, विश्व बैंक, ग्रामीण पहाुच कार्यक्रम, आदि पर्छन ।

उपरोल्लेखित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको कार्यक्षेत्र तथा कार्यक्रमहरूमा विविधता पाइन्छ । केही संस्थाहरू गरिबी निवारणका लागि कृषि तथा गैर कृषि जन्य आर्थिक, उपार्जनका कार्यक्रमहरूमा संलग्न भएका पाइन्छन भने केही समाजका विपन्न तथा सिमान्त वर्गको चेतना विकास र उनीहरूको अधिकारका लागि कार्यरत छन । साधारणतया जिल्लामा कार्यरत गै.स.स.हरूको विकास कार्यक्रमलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छः

क) आधारभूत भौतिक संरचनाहरूको निर्माण तथा मरम्मत/सम्भार

ख) जन सचेतीकरण, शिक्षा तथा स्वास्थ्य

ग) सामाजिक परिचालन

घ) जन संगठनहरूको निर्माण तथा सवलीकरण

ङ) जीविकोपार्जन तथा आर्थिक आत्मनिर्भरता

च) विभिन्न प्रकारका संजालहरूको निर्माण तथा विस्तार

छ) जन दवाब सिर्जना गरी नीति निर्माणमा जनसरोकारका सवालहरूको समावेशीकरण

ज) असल शासनको लागि सामाजिक समावेशीकरण

झ) जन सशक्तिकरण, आदि

कार्यक्रमका दृष्टिले थुप्रै विविघता भएता पनि कार्यक्रमको भैगोलिक विस्तार, कार्यक्रमिक समायोजन तथा सघनता कमै मात्र भएकोले जिल्लाका जटिलताहरू अंझै चिर्न सकिएको छैन ।

**गै.स.स.हरूले जिल्लामा भोग्नु परेका समस्याहरू**

राजनैतिक अन्योलताको कारण शान्ती, लोकतन्त्र र विकास प्रकृयाहरूमा पनि शिथिलता आएको र यसको केही असर गै.स.स.हरूमा पनि परेको छ ।

- स्थानीय निकायहरूसँग आवश्यकतानुसार कार्यक्रम संयोजन गर्न कठिनाई
- आवश्यक स्रोत र साधनको अल्प उपलब्धता,
- उपयुक्त जनशक्तिको अभावका कारण संस्थाहरूको सांगठनिक विकास चाहे जस्तो हुन नसक्नु
- भौगोलिक विकटता
- राजनैतिक दल तथा केही अन्य संस्थाहरूबाट अनावश्यक झमेला र असहयोग
- गै.स.स. हरूको कुशल संचालनमा परिआएका वा पर्नसक्ने कानुनी तथा व्यावहारिक समस्याहरूको समाधानका लागि सहजिकरण र समाधान गर्ने समाज कल्याण परिषद् जस्तो सरकारी निकायको जिल्लामा अभाव
- जिल्लामा गै.स.स. दर्ता तथा नवीकरण गर्ने सरकारी निकायले आवश्यक्ता अनुसारको प्राविधिक सहयोग वा अनुगमनमा सहयोग गर्न नसक्नु तथा अ. गै.स.स.सँग सम्झौता गर्ने निकायको जिल्लामा उपस्थितिनैं नहुदा काम गर्नमा बाधा आएमा केन्द्र वा काठमाण्डौं नैं धाउनुपर्ने दाध्यता, आदि ।

**गै.स.स. भित्रका समस्याहरू**

- स्थानीय आवश्यकताभन्दा आफुखुसी कार्यक्रम संचालन गर्ने परिपाटी
- कार्यक्रम तर्जुमा गर्दा परियोजनाबाट प्रभावित हुने समुदायको आवश्यक सर-सल्लाह नलिने परिपाटी
- एकै स्थान र समुदायमा कार्यक्रमको दोहोरो पन पर्ने गरी कार्यक्रम संचालन गर्ने गरेको
- पेशागत निपुणता प्राप्त हुन नसकेको
- सजिलो ठाउँमा मात्र कार्यक्रम संचालन गर्ने बानी
- दिगो विकासभन्दा झिल्के विकासमा ध्यान केन्द्रित
- अपारदर्शिता
- गै.स.स.को व्यवस्थापनमा टाठा-बाठाको हाली-मुहाली र महिला तथा अन्य पिछडिएका वर्गका व्यक्तिहरूको झिनो उपस्थिति, आदि

**उपसंहार**

विभिन्न बाधा, अडचन र विकटताहरू भएता पनि दैलेखी समाजको समग्र दीगो विकासका लागि गै.स.स. हरूले अहम योगदान पुऱ्याउन सक्ने कुरामा दुइमत छैन । खाँचो केवल राजनैतिक ईच्छा शक्ति, सांगठनिक चुस्तता र कार्यक्रमिक निपुणता को छ । जिल्लाको विकासे दियो बाल्ने पवित्र कार्यमा संलग्न गै.स.स. हरूको आफै बलेर अरुलाई पुलकित गर्ने महान अभिष्ट पुरा हुनेछ भन्नेमा म आशावादी छु । ●

# बेली सिंचाई (कल्याण दह): एक चिनारी

**सन्तलक्ष्मी उदास**
जिल्ला संयोजक, आरआरएन, सिराहा

नेपालको पूर्वी भागको दक्षिणी सिमानामा रहेको सिराहा जिल्ला पूर्वाञ्चल विकास क्षेत्रको सगरमाथा अञ्चलमा पर्दछ । यहाँको मुख्य पेशा कृषि हो । यस जिल्लामा ६५८१० हेक्टर जमिन रहेको छ । फलफूलमा आँप प्रशस्त उत्पादन हुन्छ । यस जिल्लामा खेतीयोग्य जमिन प्रशस्त मात्रामा भएपनि सिंचाई चुनौतिको रूपमा रही आएको छ । खेती गर्नको लागि नगदे बाली तथा तरकारी फलफूलको लागि यो अत्यन्तै आवश्यक देखिन्छ किनभने अधिकांश मानिसहरू आकाशे पानीको भरमा खेती गर्ने गर्दछन् ।

सिराहा जिल्लाको पूर्वी भागमा अवस्थित लहान नगरपालिकादेखि २ कि. मि. पश्चिम High-Way देखि १ कि.मि. दक्षिणमा रहेको सिसवनी गा.वि.स.वार्ड नं-२ अन्तर्गत पर्ने (कल्याणदह) नदीको लगभग ५-६ विघा जलाशय क्षेत्र रहेको छ । कल्याणदह नदी राणाकालीनका समयमा देवल सुब्बा (थारु) को नेतृत्वमा स्थानीय थारुको सक्रियतामा उत्खन्न कार्य भएको हो भन्ने केही स्थानीय बुढापाकाहरूको भनाई रहेको छ । लोक धारणा अनुसार कल्याणदह नदीको पानीमा शुद्ध आत्माले स्नान गरेमा लुतो, घाउ र खटिरा जस्ता छालाका रोगहरू निको हुने भएकोले र मानवलाई कल्याण गरेको हुनाले यो नदीको नामाकरण कल्याणदह हुन गएको कुरा योजनाका कोषाध्यक्ष श्री डोमीलाल चौधरीले बताउनु भएको छ ।

१००-१५० वर्ष अगाडि वर्षा याममा नदीमा पटक-पटक बाँध निर्माण गर्दा पनि बीच भागमा भत्किएकाले सो बाँध बाँध्न स्थानीयबासीहरूलाई पानीको चापले गर्दा धौं धौं परिराखेको थियो । त्यही पानीको चापमा वौहरी धामी नामक (थारु) ले अगाडिको भागमा आफू सूती माटो राख्न लगाई बाँध निर्माण गर्‍यौं र सोही समयमा बाँधमै सुतेको बेला पेटमा दर्द भई बौहरी धामी (थारु) को मृत्यु भएको थियो । त्यही कारणले प्रत्येक साल बाँधमा वौहरी धामीलाई पूजा गरी बोका बली दिने चलन चलेको छ । जुन हालसम्म पनि कायमै रहेको पाइएको छ ।



निर्माण भएको बेली सिंचाई योजना

यस दहलाई सिचाई कार्यालय लाहानले २०४७ सालमा मर्मतसंभार कार्य गरेको थियो । २०५९ सालको अविरल वर्षाले यो नदीको वाँध भत्काएको थियो । सो बाँधको स्थानीय उपभोक्ताहरूले पटक पटक श्रमदान गरी मर्मतसंभार र निर्माण कार्य गर्ने गरेको पाइएको थियो । पटक पटक मर्मतसंभार गर्दा पनि दिगो योजना निर्माण हुन नसकेका कारण सिंचाई गर्न ज्यादै असुविधा भएका कारणले गर्दा समुदायको आर्थिक अवस्था कमजोर भएको कुरा योजनाका अध्यक्ष श्री नन्दी चौधरी बताउनु हुन्छ । उक्त योजनाका उपभोक्ताहरूमा चौधरी, यादव र



योजनाको उद्घाटन गर्दै योजनाका उपभोक्तामध्ये वयोबृद्ध श्री भुलु चौधरी

दलितहरूको बाहुल्यता रहेको छ । योजनाले सिसवनी गा.वि.सको वार्ड नं. २, ३, ४, ७ र ८ को गरी सिंचित क्षेत्र १८४ घर परिवारको २५० विगाहा रहेको छ ।

यसै क्रममा उक्त सिंचाई योजना निर्माणको लागि जिल्लाका विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूसँग अनुरोध गर्दा पनि निर्माण कार्य सम्पन्न गर्न नसकेको अवस्थामा नेपाल ग्रामीण पुनर्निर्माण संस्था, जिल्ला विकास समितिको कार्यालय, सिराहा र सिसवनी गा.वि.सको सहयोगमा हाल यस (कल्याणदह) बेली सिंचाईको निर्माण कार्य सम्पन्न भई यही मिति ०६३ साल जेष्ठ ११ गतेका दिन एक समारोह वीच योजनाको उद्घाटन योजनाका उपभोक्ता मध्ये वयोवृद्ध श्री भुलु चौधरीले गर्नु भएको थियो भने योजनाको हस्तान्तरण नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन), जिल्ला कार्यालय सिराहाका जिल्ला संयोजक श्री बसन्त लक्ष्मी उदासले गर्नु भएको थियो ।

उक्त योजनाको कुल लागत रकम रु.११,५४,६९४/६३ अक्षरेपी एघार लाख चौवन्न हजार छसय चौरान्नवे रुपैयाँ त्रिसठ्ठी पैसा मात्र रहेकोमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) जिल्ला कार्यालय सिराहाको लगानी रकम रु. ५,०८,१९९/३३ रहेको छ भने जिल्ला विकास समितिको कार्यालय, सिराहाको लगानी रकम रु. २,३९,५०७/३०, सिसवनी गा.वि.सको लगानी रकम रु.२५०००/- र समुदायको लगानी रकम रु. ३,८१,९८८/- रहेको छ । यसरी संयुक्त रूपमा लगानीमा निर्मित योजना ज्यादै वलियो र प्रशंसनीय रहेको समुदायहरूको भनाइ रहेको छ ।

योजना निर्माणमा महिलाहरूको सक्रिय सहभागिता रहेको छ । यसै क्रममा श्रीमती आशुदेवी चौधरी भन्नु हुन्छ- आरआरएनको सहयोगमा निर्मित यस योजनाले समुदायको आर्थिक अवस्थामा सुधार आउने छ किनभने तरकारी खेती, नगदेवाली र माछापालन कार्यक्रम संचालन गर्न सकिने प्रशस्तै आधारहरू रहेका छन् । यस योजनाले महिलाहरूलाई पनि धेरै सक्रिय बनाएको छ र भोलिका दिनमा अन्य संघ संस्थाहरूसँग पनि कसरी काम गर्नु पर्ने रहेछ भन्ने कुराको सन्देश पनि यस योजनाको निर्माण कार्यवाट सिकिएको कुरा बताउनु भएको छ । उक्त योजनाको लागि समुदायले प्रतिकट्टा १२/५० पैसाका दरले मर्मत सम्भार कोष व्यवस्थापन गरेको छ । ●

# असमावेशीकरण र द्वन्द्व

लीलबहादुर कार्की
जिल्ला संयोजक, आरआरएन, इलाम

नेपालमा विगत एकदशकदेखि सृजित द्वन्द्वका कारण शदीऔंदेखि कायम रहेको आर्थिक, सामाजिक शक्ति संरचनाहरू सबै छिन्नभिन्न भएको अवस्था छ । यस द्वन्द्वले मुलुकको आर्थिक, सामाजिक, राजनीतिक एवं साँस्कृतिक समस्याहरूलाई एकैचोटि उदघाटित गरेको छ । द्वन्द्वका मुख्य कारणहरू संरचनात्मक नै छन् । यी समस्याहरूको संवेदनशील उपचार समयमै नखोजेसम्म यो द्वन्द्व लामो अवधिसम्म कायमै रहने अवस्था छ । देशमा सृजित द्वन्द्वका कारणहरूलाई निम्न ढंगले विश्लेषण गर्न सकिन्छ ।

**१.राजनीतिक संरचना**

मुलुकमा २००७ सालपश्चात् शासन सत्ता परिवर्तन त भयो तर शासकीय शैलीमा भने २०४६ सालसम्म आईपुग्दा पनि कुनै परिवर्तन जनताले महशुस गरेनन् । दलहरूका घोषणा पत्र र नेताहरूको आचरणमा उही पुरातन शैलीनै विद्यमान रहिरहयो । दलका प्रतिबद्धता र कार्यशैलीबीचमा कुनै तारतम्य देखिएन । कानुनी र नीतिगत विभेदलाई राजनीतिलेनै संस्थागत गर्दैजाँदा बहुसंख्यक जनताहरूको आशामा तुसारापात भयो । संवैधानिक व्यवस्था अन्तरगत गरिएका सवै प्रकारका विभेदहरूको सैद्धान्तिक रूपमा उन्मूलन र सामाजिक न्यायको प्रत्याभूतिको कार्यान्वयनले समाजका सबै वर्ग, जातजाति र समूहलाई समेट्न सकेन । शासन र सत्तामा पटक-पटक परिवर्तन भयो तर जनताका जीवनमा कुनै सकारात्मक परिवर्तन भएन । कुशासन, राजनीतिसंरक्षित अपराध, भ्रष्टाचार, कर्मचारीतन्त्रमा राजनीतिकरण बढेर गयो । फलस्वरुप राज्य संचालनका अपरिहार्य तत्वहरू जस्तै पारदर्शिता, निस्पक्षता कायम रहन सकेन । नीतिनिर्माण र निर्णय तहमा सबै वर्ग र समूहको प्रतिनिधित्व हुन सकेन । विकासे योजनालाई सीमित क्षेत्रमा मात्रै केन्द्रित गर्‍यो । शासन र सत्ताका आसेपासे र सीमित वर्गको हितका खातिर राज्यका संयन्त्रहरू संचालित भए । नीतिगत सुधारका कामहरू सबै ओझेलमा पार्दै लगियो । जसले गर्दा राजनीतिक पार्टीहरूप्रति जनताका आडभरोसाहरू धराशायी हुँदैगए । राजनीतिक संस्थाहरूमा आधारभूत सुविधाबाट वञ्चित वर्गको न्यायिक प्रतिनिधित्वको सुनिश्चितताका लागि नीति नियम र असमावेशी प्रचलनलाई परिवर्तन गर्ने कुनै ठोस प्रयास भएन । परम्परावादी संसदीय अभ्यासबाट असमावेशी सामाजिक संरचनालाई तोडने कार्य हुन सकेन र यसबाट विभेद उन्मूलन, सामाजिक न्यायको प्रत्याभूति र संविधानमा उल्लेख भएअनुसारको मानवअधिकारको संरक्षण जस्ता कार्यहरू निकै पछाडि परे । विगत १४ बर्षको अवधिमा शुरु गरिएका संस्थागत सुधारहरू सीमान्त रूपमा मात्र अघि बढे, प्रजातन्त्रलाई बलियो बनाउनेतर्फ त्यस्ता सुधारहरू प्रभावकारी भएनन् । नीति निर्माण एवं निर्णय प्रक्रियामा सबै तह र तप्काका जातजाति, जनजाति, दलित, महिला, आदिवासी र पिछडिएका वर्गको पहुँच पुर्‍याउने खालको शासन शैली निर्देशित हुन सकेन । यसको परिणामस्वरुप सामाजिक रुपान्तरणमा प्रगति हासिल गर्ने कार्यमा बाधा तथा अवरोधहरू सिर्जना भएका छन् । आधारभूत सामाजिक सेवामा पहुँच कम हुनाले वेरोजगारीको बृद्धि भएको छ । देशमा गरिबीले जनसंख्याको ठूलो दायरालाई नै व्यापक तथा गम्भीर रूपमा प्रभाव पारेको छ । गरिबीको रेखाको नजिक जनसंख्याको ठूलो समूह रहेकाले यस्तो समूह उच्च संकटमा छ । सम्पन्न र विपन्न वीचको दुरी झन् झन् फराकिँदै छ ।

**२. आर्थिक कारणहरू**

नेपालमा जमीन मुख्य उत्पादनमूलक सम्पत्ति र शक्तिको परम्परागत स्रोत हो । जमीनमाथिको

स्वामित्व आर्थिक र सामाजिक स्तरको प्रतीक पनि हो । त्यसैले नेपालमा भुस्वामित्वको वितरण र त्यसको उत्पादकत्वसँग गरिबीको निकटतम सम्बन्ध रहेको छ । भूमि वितरणका सम्बन्धमा नेपालमा ठूलो असमानता विद्यमान छ। सन् २००२ को तथ्याङ्कनुसार देशमा ४७% मानिससँग १५% मात्र जमिन रहेको छ भने ५५ मानिससँग ३७% र २९% मानिससँग जमिनै छैन । भूमिमाथि सँधैं सामन्ती वर्गको आधिपत्य रहँदै आएको छ । वर्षौंसम्म अर्काको जग्गा जमीन खनजोत -भोगचलन गर्नेले पनि आफ्नो हक कायम गर्न नसकेको अवस्था छ । सीमित भूमिमात्र बहुसंख्यक जनताको हातमा छ । जसले गर्दा तिनका बालबच्चाको आधारभूत आवश्यकता जस्तै खाना, नाना, छाना, स्वास्थ्य उपचार र शिक्षा पुरा हुन सकेको छैन । फलस्वरुप कुपोषण बालमृत्यूदर र मातृमृत्यूदर बढ्दो छ । बालबच्चाहरू नियमित पठनपाठन गर्न पाउने अवस्थाबाट बञ्चित हुनपरेको छ। थोरै मानिसहरूको प्रभावशाली वर्गले राज्यका अधिकांश स्रोत र सुबिधाहरू हत्याएका छन् । जनसंख्याको ठूलो हिस्सा चरम गरिबीको अवस्थामा बाँच्न विवश छ । देशले दिनदिनै बेरोजगारको भार खेप्नु परिरहेको स्थिति छ। गाउँ घरमै रोजगारी एवं व्यवसाय गर्ने सहज विकल्प नरहेको अवस्थामा विकल्पको खोजी गर्ने क्रममा बेरोजगार जनसंख्याको ठूलो हिस्सा सहर बजार पस्न र विदेसिन विवश छ । साना बजार र सहरहरूमा बेरोजगारहरूको भीँड बढ्दो छ । मौसमी र सीमित रूपमा उपलब्ध कृषि व्यवसायले मात्र बेरोजगारहरूको भार धान्न सक्ने अवस्था छैन । गैरकृषि व्यवसाय दिनदिनै दिवालिया हुँदैगएको छ । यसरी युवावर्गको ठूलो जमात वर्तमान विद्रोहमा संलग्न हुनाको मुख्य कारण विद्यामान बेरोजगारी नै प्रमुख रूपमा जिम्मेवार रहेको छ। बढ्दो बेरोजगारी र गरिबीले युवा वर्गका साथै सुविधाबाट बञ्चित र परम्परादेखि नै तथ्यपूर्ण सहभागिताबाट अलग्गिएको वर्गमा चरम निराशा जन्माइदियो । जीवन निर्वाहका लागि प्रर्याप्त अवसरहरूको अभावले युवा वर्गलाई दिग्भ्रमित बनाएको छ। फलस्वरुप देशको जनसंख्याको ठूलो अंश विकासको मूलप्रवाहबाट बाहिरिन पुगेको छ। सामाजिक सेवा र सुविधाबाट वञ्चित भएपछि त्यो वर्गको आय, स्वास्थ्य र शिक्षाजस्ता कुराहरू धराशायी भएको छ। राज्यद्वारा संचालित गरिबी निवारण गर्ने रणनीति र कार्यक्रमहरूले उनीहरूलाई कहिल्यै पनि समेटेन ।

### ३. सामाजिक कारणहरू

नेपाली समाज विभिन्न जातजाति, भाषा संस्कृति, धर्मले भरिपूर्ण बहुलवादी समाज हो । नेपाल अधिराज्यको संविधान २०४७ ले यो देशलाई बहुजातीय, बहुभाषिक र बहुधार्मिक एवं बहुसांस्कृतिक मान्यता दिए तापनि यसै संविधानमा उल्लेखित हिन्दू अधिराज्य भन्ने व्यवस्थाले देशको बहुलवादी बिशेषतालाई उपेक्षा गरेको छ। नेपालको पुरातन सामाजिक प्रणाली अझै पनि शोषक वर्गकै पक्षमा छ । शोषणकारी सामाजिक बनावटलाई नेपालको कुनैपनि राजनीतिक व्यवस्थाले समाप्त गर्न सकेको छैन् । समाजमा यसको प्रभाव ज्यादै गहिरो छ । जसको कारण सेवा र सुविधाको वितरण, जातजाति, पिछडिएको र कम पहुँच भएको वर्गमा पुग्न सकेन् । अन्धविश्वास, वालश्रमशोषण, बालविवाह, धर्म, पेशा, भेदभावजन्य व्यवहारको चलन अद्यापि विद्यमान छ । यस समाजको हुने खाने वर्गले जहिलेपनि शक्ति, साधन र निर्णय प्रक्रियामा आफ्नोहैसियत कायम राख्नका लागि उनीहरूको क्रियाकलाप निर्देशित रहने गरेको छ। उनीहरू समावेशी प्रचलनमा विश्वास गर्दैनन् । क्षेत्रीय, जातीय, लैङ्गिक, भाषिक र धार्मिक विभेदले हिंसा बढाउन सघाएको छ । फलस्वरुप अल्पशिक्षित, बेरोजगार, पिछडिएको वर्गको जायज आवाजको बेवास्ता गरेकैकारण उनीहरूले आफ्नो अस्तित्व र जीवन गुजाराका लागि हतियार उठाए । यसरी मानिसका आवश्यकतालाई बेवास्ता गर्ने क्रम जारी रहेसम्म र उनीहरूलाई जायज अधिकार प्रदान नगरेसम्म हिंसात्मक द्वन्द्व बढिरहन्छ।

### ४. क्षेत्रीय विभेदहरू

सरकारले भौगोलिक आधारमा सन्तुलित विकासका पूर्वाधारहरूको निर्माण नगर्नु नै

हिंसात्मक विद्रोहको एक प्रमुख कारण हो । देशलाई ५ विकास क्षेत्रमा विभाजन गर्नुका पछाडि क्षेत्रीय स्तरमा रहेको सबै खाले विकासका असमानताहरू कम गर्ने नीति रहेको देखिन्छ । आर्थिक सामाजिक सेवाहरू झनझन केन्द्रित भएको कारणले विकेन्द्रीकरणको अवधारणा असफल भयो । सरकारले दुर्गमलाई वेवास्ता गर्‍यो । मध्य र सुदूर पश्चिमका दुर्गम इलाकामा व्याप्त गरिबी, पछौटेपन, स्रोत साधनको बाँडफाँडमा भेदभाव गर्नाले सशस्त्र विद्रोहलाई चर्काएको छ । विद्रोहको शुरुवात मध्यपश्चिमका रुकुम, रोल्पा, सल्यान, र जाजारकोट जस्ता जिल्लाहरूबाट भएको हो । श्री ५ को सरकारको सन् २०००-२००१ को बजेटमा काठमाडौं, मोरङ्ग, र सुनसरीको बजेट सम्पूर्ण कर्णाली अञ्चलभन्दा बढी रहेको छ । जबकि ठीक त्यसै बेला अछामका लागि ४१२ करोड, रुकुमका लागि ११८.९, रोल्पाका लागि १०८.५ र जाजरकोटका लागि ८२.१ वजेट बाँडफाँड गरिएको थियो । एक तथ्याङ्कअनुसार १३ प्रतिशत मानिसहरू दुर्गम भेकमा बसोबास गर्छन् तर तिनको लागि भनेर ५ प्रतिशत मात्र बजेट बाँडफाँड गरिएको छ । मुख्य राजनीतिक पार्टीको शासन सत्तामा हालिमुहाली गर्ने वर्ग पनि यिनै जिल्लाका रहेका छन् ।

**समाधानका उपयाहरू :**

**समावेशी संरचनाको निर्माण**

समावेशी अवधारणाअनुसार विकाससम्बन्धी रणनीति सवैभन्दा विपन्न वर्गलाई केन्द्रित गरेर बनाइनु पर्दछ । मानिसलाई अवसर दिइनु पर्दछ, जसले गर्दा उसले आफ्नो समुदायमा पूर्णरूपमा क्रियाशील भई सहभागी हुनसक्छ । हाम्रो समाजको कुरा गर्ने हो भने यहाँका धेरै मानिसहरू समावेशीकरणबाट बञ्चित भएको अवस्था छ । समावेशीकरणका सन्दर्भमा डीह्रयान ? भन्ने विद्वानको भनाइलाई विश्वबैंकले केही परिमार्जनसहित परिभाषित गरेको छ । उनका अनुसार कुनै समूहलाई जानीजानी कुनै औपचारिक र अनौपचारिक संस्थामा औपचारिक तथा अनौपचारिक एवं संस्थागत अवरोधहरू पैदा गरेर उनीहरूलाई सँधै बञ्चितीकरणमा पार्नु हो । नेपालमा बञ्चितीकरण खासगरी लिच्छिविकालदेखि शुरु भएको हो । चौधौं शताब्दिमा राजा जयस्थिति मल्लले नियमकानुन बनाएर नै यसलाई धर्मका नाममा लागू गरे । जसलाई राणा शासनताका राजा सुरेन्द्रका पालामा जङ्गबहादुरले वि.स. १९१० मा नयाँ मुलुकी ऐनमार्फत् अझ संस्थागत गर्ने काम गरे । डी.एफ.आई.डी.को सन् २००५ को (Policy Paper) ले सामाजिक समावेशीकरणलाई यस प्रकार व्याख्या गरेको छ, "समाजका निश्चित वर्ग वा समूहलाई प्रणालीसंगत ढङ्गले उनीहरूको जातजाति, धर्म, लिङ्ग, वर्ण, उमेर, बसाइँसराई, (HIV AIDS), अपाङ्गता र बसाइको भूभागको आधारमा गरिएको भेदभावलाई जनाउदछ ।" समाजमा विद्यमान रहेको शक्ति संरचनाले गर्दा समाजमा मानिसले मानिसलाई नै भेदभावपूर्ण व्यवहार गरेको पाईन्छ । त्यसमा पनि हुनेखाने वर्गले हुँदा खाने वर्गलाई बढी छेउलगाएको पाइन्छ । राज्यले राज्यनियन्त्रणको नाममा नियम-कानुनै बनाएर बञ्चितीकरणलाई बल पुर्‍याउने काम गरेको छ । जस्तै नेपालमा महिलालाई संपत्तिमा अधिकारबाट अझ बञ्चित गरिएकै छ । हाम्रो समाजका केही प्रचलित मूल्यमान्यताले गर्दा सामाजिक क्रियाकलापमा केही वर्ग र जातको मात्र पेवा बंशानुगत जस्तै हुँदै गएको छ । बञ्चितीकरणको अर्को अचम्म के छ भने को कहाँ ? बस्छ भन्ने आधारमा पनि बञ्चित गरिन्छ । जो दुर्गममा बसोबास गर्छ, उ राज्यको आर्थिक तथा सामाजिक जीवनमा पूर्णरुपेण सहभागी रहन पाउँदैन । जो बसाई सरेर अर्को ठाउँमा पुग्छन् उनीहरू पनि बञ्चितीकरणबाट पीडित हुन्छन् । जस्तो नेपालीहरू भारतमा बञ्चित भएको अवस्था छ ।

मानिसमा रहेको राम्रो संभावनाको बावजुद पनि पुँजी नभएको कारणले गर्दा कुनै खाले व्यवसाय संचालन गर्न सक्ने अवस्था छैन । श्रम बजारमा विद्यमान विभेदले पनि अभिभावकहरूले छोराछोरीको शिक्षा, स्वास्थ्य, आदिमा लगानी गर्नु बेकार ठान्दछन् । सामाजिक असमावेशीकरणले सामाजिक असमानताको स्तर बढाउँछ । यसले किन

समाजमा केही वर्ग अरुभन्दा गरीब छन्, अकालमै मर्दछन्, भोकमरीबाट पीडित छन्, आर्थिक र राजनीतिक रूपले कम संलग्न छन् र सबै सेवा र सुविधाहरूको लाभबाट बञ्चित छन् जस्ता प्रश्नहरू उब्जाउँछ । देशमा २०४६ सालको जनआन्दोलनका उपलब्धि र राजनीतिक दलहरूका प्रतिबद्धताहरूले जनआकांक्षाहरू बढाए तर प्रतिबद्धता र कार्य आदि( का बीच बढ्दो अन्तर भएकोले ती आकांक्षाहरू परा भने हुन सकेनन् ।

देशमा संचालित द्वन्द्वको समाधानमा केन्द्रित हुने हो भने यसका कारक तत्वको जरैबाट संबोधन गरिनु पर्दछ । यी समस्याहरू विद्रोही पक्षले उठान गरेकै बेला संबोधन नगरिएको फलस्वरुप मुलुकले आज यो दिन देख्नु परेको हो ।

नेपालको इतिहासमा यस्तो अभूतपूर्व रूपमा जनपरिचालन र जनसचेतना भएको उदाहरण बिरलै पाइन्छ, जसरी आज माओवादीले उठान गरेको मुद्दाले गरेको छ । त्यसैले राज्यले यो कुरालाई समय छँदै राज्यको भलाई र हितका खातिर प्रयोग गर्नु पर्दछ राज्य पुनर्संरचनाका लागि र हिंसात्मक द्वन्द्व समाधानका खातिर समावेशी संयन्त्रको निर्माण गरी सबै वर्ग, जातजाति, लिङ्ग र पछिपरेका समुदाय अटाउने खालको नीति निर्माण गरी लागू गर्नुपर्छ ।

**सन्दर्भ सामाग्रीहरू :**


१. Peoples War in Nepal Left Perspectives, Arjun Karki/David Seddon ADROIT Publisher Dehli 2003.
२. नेपाल मानव विकास प्रतिवेदन सन् २००४
३. DFID Policy Paper २००५
४. नेपाल साप्ताहिक अंक
५. समावेशी लोकतन्त्रका आधारहरू


## वास्तविक घटनामा आधारित दुई भावना

### ललिता राई

वास्तविक घटनामा आधारित यी दुई भावना ६६ वर्षीय श्रीमती ललिता राईबाट रचित कविता हो । बिज्ञ ललिता राई सुनिमा महिला समूह धुपु छ संखुवासभाको सदस्य हुनुहुन्छ । ८५ वर्षीय निजका श्रीमान् स्व. जुद्ध बहादुर राईको मिति २०६१।१२।३ गते असामयिक निधनबाट शोकविह्ल हुनु भएकी रचयिताका छोरा स्व. खड्ग सिं राईको मिति २०६२।१।२५ गते शक्तिशाली विद्युतको करेन्ट लागि काठमाडौंमा अचानक मृत्यु भई भयानक चोटबाट विह्ल बन्न पुगेकी निज रचयिता राईबाट रचित दर्दनाक दुई भावना यस प्रकार छन् ।

पन्घ्र दिनअघि काग आई बोल्यो बसेर सिक्रैमा
बाबु र छोरा उछिन् र पाछिन् एक महिनाभित्रैमा ।

बाबु त गए छयासी वर्ष उमेरै पुगेर
रोएको मन भरेको आँसु थामेर बसे छोराहरू संझेर ।

अचानक त्यस्तो खबर सुन्दा के भयो त्यस बेला
उमेर थियो पच्चीस वर्ष कहाँ गयो यो बेला ।

हे कठैबरी हे मेरो प्राण हितैको परानी
बागमती खोला जलाए होला जीउ भयो खरानी ।

गौंथली चरी गुँडै र लामो त्यो पौवै पाटीमा
जीव तिम्रो कहाँ गएर बस्यो खरानी माटीमा ।

बोलेको बोली लुकाइकन कसरी हरायौ
छैसट्ठी वर्षे उमेरमा मेरो यो हाल गरायौ ।

हे दैव मलाई के लेखिदियौ तिमीलाई दोस्दछु
आँखामा आँसु मुटुमा माया लिएको भन्दछु ।

सब्जीमा भन्नु प्याज र कोपी धनिया मसला
जिन्दगी मेरो व्यर्थ नै भयो मर्नु नै असल ।

माछा र माऱ्यो जलहरी दाईले हान्दै छ जाल पनि
अभागी मैले जानुथ्यो असल आउँदैन काल पनि ।

रात दिन मेरो आँखामा भरी आँसुको ढिक्का छ
यो उमेरमा पीर खपी बस्नु मर्नु नै निको छ ।

भ्यागुत्ता ज्यानले मंगल गायो पानीमा डुबेर
आइज न दैव लैजा न मलाई धागो झैं चुँडेर ।

# महिला स्वास्थ्य र एड्स

**ईन्दु उपाध्याय**

महिला विकास अधिकृत, संखुवासभा

एड्स रोग वर्तमान विश्वको सबभन्दा चर्चित र खतरनाक समस्याको रूपमा उभिएको छ। भय र त्रासको रूपमा विश्वभर फैलिरहेको यो रोग महिला र पुरुष दुवैसँग बराबरी सम्बन्ध राख्ने विषयवस्तु हो । एड्सको खतरा जति वर्तमानमा बाँच्नेहरूको निम्ति छ, त्योभन्दा पनि गम्भीर डर भोलिका बालबालिको निमित्त छ ।

'एड्स' को शाब्दिक अर्थ Acquired Immume Deficiency Syndreme अर्थात् मानिसको रोग प्रतिरोधक प्राकृतिक क्षमताको विनाश भनिएतापनि वर्तमानमा यसको व्यवहारिक अर्थ मृत्यु हो । संसारमा जतिपनि मानिसहरू एड्सको शिकार बनेका छन्, कि त तिनीहरूको मृत्यु भइसकेको छ या मृत्युको बाटो पर्खिरहेका छन् । आजसम्मका अध्ययन र अनुसन्धानले एड्स रोगको निवारण गर्न सक्ने औषधिको विकास गर्न सकेको छैन । वर्तमानमा भइरहेको एड्स विरुद्धको कारवाहीले यस रोगबाट जोगिने उपायहरू छन् तर यसलाई निदान गर्न सक्ने औषधिको पत्ता लगाउन भने सकेको छैन । त्यसैले एड्सको अर्थ वास्तवमा मृत्यु भन्ने जनाउँछ ।

एड्स रोगको इतिहासलाई कोट्याउँदै जाँदा यसको थालनी अविकसित मुलुकबाट नभएर संसारको सबैभन्दा विकसित मुलुकबाटै भएको कुरा प्रमाणित हुँदै आएको छ । तर दुःखको कुरा यो छ कि संसारका वैज्ञानिक अनुसन्धानहरूले पनि एड्सको विश्लेषण गर्दा शुरुमा यसको स्रोत सेन्ट्रल अफ्रिकाको हाइटीलाई माने तापनि अमेरिकालाई यो रोग स्रोत मान्नको निम्ति हिचकिचाए, तर सत्य र तथ्यलाई बैज्ञानिक अनुसन्धानहरूले पुष्टि गरे कि यो फोहरी रोगको जन्मदाता संसारको सबैभन्दा सुग्घरी ठानिएको अमेरिका नै ठहर्‍यो ।

एड्स मानवताबिरोधी मृत्यु अभियान हो । यसले महिला-पुरुष बूढा बूढी तथा बालबालिका कसैलाई पनि बाँकी राख्दैन । जहाँसम्म महिलाहरूमाथि एड्सको असरको कुरा छ, यो संख्यात्मक सवालसँग मात्र गाँसिएको कुरा होइन, मानव जीवनको सृष्टि, समाज र सम्भारसँग पनि सम्बन्धित सवाल हो । जब हामी यस सम्बन्धमा नारीका कुरा गर्दछौ, त्यसबेला सामाजिक जीवनको प्रत्येक कदमहरूमा उसले खेल्ने भूमिकालाई बिर्सन सक्दैनौ । किनभने एउटी नारी आमा हो, छोरी हो, दिदी-बहिनी हो र जीवन संगिनी पनि हो, त्यसैले तिनका त्यति नै धेरै जिम्मेवारी पनि हुन्छ । यति मात्र नभएर नारी एक अर्थिक, राजनीतिक, समाजिक प्राणी पनि हो । यस हिसावमा नारीले आर्थिक उत्पादनको सवालदेखि लिएर राजनैतिक, सामाजिक र साँस्कृतिक पक्षहरूमा पनि महत्वपूर्ण मार्गदर्शन दिइराखेको हुन्छ । वास्तवमा हाम्रो समाजको उदाहरण लिने हो भने सामाजिक विकासको सवालमा महिलाहरूको बहुमुखी भूमिका रहेको हुन्छ । किनभने, उनीहरू एउटी आमाको रूपमा बालबालिकाहरूको निम्ति शिक्षक, संरक्षक र सम्भारकर्ता हुन् , उनी एउटा श्रीमतीको रूपमा जीवनमा सहयात्री हुन र समाजको एउटा सदस्यको रूपमा उनीहरू एक जिम्मेवार नागरिक हुन् । परिवार र समाजदेखि राष्ट्र कै चौतर्फी विकासको सन्दर्भमा पनि नारीहरूको महत्वपूर्ण भूमिकालाई कसैले इन्कार गर्न सक्दैन । तर सामाजिक, आर्थिक, राजनैतिक र साँस्कृतिक विचारको एउटा महत्वपूर्ण स्रोत, साधन र शक्ति नारी, हाम्रो जस्तो देशमा कुँजिएको अवस्थामा छ । उनीहरूलाई अशिक्षा, अन्धकार असमानताको भुँवरीभित्र बाँच्न बाध्य बनाइएको छ । उनीहरूलाई शिक्षा, सूचना, सेवाहरू उपलब्ध गराउने सजिलो माध्यमहरूको विकास भइसकेको छैन । बहुसंख्यक नेपाली महिलाहरूलाई मानवअधिकार र बालअधिकार मात्र हैन आफ्नै

अधिकारहरू जस्तै, पक्षपातको बिरुद्ध सचेत हुने आदि कुराहरूको बारेमा थाहा छैन ।

जहाँसम्म एड्स रोगको समाधान पक्षको सवाल छ, यसमा पनि महिलाहरूको सचेतनता, सहभागिता र सक्रियताको ठूलो खाँचो छ । समाजमा महिलासम्बन्धी कुनै पनि सवाल छलफल र बहस गर्दा हामीले हाम्रो बालबालिकाहरूलाई अलग पारेर हेर्न सक्दैनौं । त्यसमाथि पनि एड्स यौन संर्पकसँग सम्बन्धित विषयवस्तु भएको हुँदा यसलाई बालबालिकाहरूको जीवनदेखि अलग पारेर विश्लेषण गर्न सकिन्न । महिलाहरूमा लागेको एड्स रोगको सम्बन्धमा गरिएका विभिन्न वैज्ञानिक अनुसन्धानहरूबाट पत्ता लागेअनुसार बालबालिकाहरू एड्स रोगका कारक भाइरस (एच.आइ.भी.) बालबालिकाहरू जन्मने बेला र बालबालिकाहरू जन्मिसकेपछि पनि सर्न सक्दछ । एउटा तथ्याङ्कअनुसार एड्सको शिकार भएका गर्भवती महिलाहरूबाट तिनका पेटभित्रको बच्चालाई २० प्रतिशत देखि ४० प्रतिशतसम्म एच.आइ.भी. सरेको उदाहरणहरू पाइएको छ । यी तथ्याङ्कहरूले प्रमाणित गरेअनुसार एड्स लागेको महिलाबाट औसत दरभन्दा बेसी गर्भपतन हुने गरेको कुरा पनि थाहा भएको छ । त्यस्तै बच्चा जन्मने बेला सुत्केरीको रक्तस्राव तथा तरल पदार्थवाट पनि जन्मेको बालकलाई एड्सका भाइरसहरू सर्ने सम्भावना हुन्छ । त्यस्तै बच्चाहरू जन्मिसके पछाडि पनि स्तनपानको माध्यमबाट पनि बालबालिकाहरूलाई असर पर्न सक्ने ठूलो सम्भावना हुन्छ । साथै एड्स रोगबाट प्रभावित केटाकेटीहरू पहिलो केही वर्षभित्र नै मर्नसक्ने सम्भावना पनि हुन्छ ।

नेपालका विभिन्न एड्स रोगबाट प्रभावित जिल्लाहरू मध्ये एक संखुवासभा जिल्ला पनि रहेको छ । जिल्ला स्वास्थ्य कार्यालयबाट प्राप्त जानकारीअनुसार २०५४ मा ३१ प्रतिशत र २०६१ सम्ममा ३५ प्रतिशत महिला तथा पुरुषहरू एच.आइ.भि.बाट प्रभावित भएको एक तथ्याङ्कले जनाएको छ । स्मरणरहोस् संखुवासभा स्थित आरआरएन संस्थाको दिगो ग्रामीण जिविकोपार्जन कार्यक्रम अन्तरगत संचालन गरिएका महिला सशक्तिकरण तथा सामुदायिक स्वाथ्यतर्फ संचालन गरिएका स्वास्थ्य सफाईसम्बन्धी पाटो एकदमै सान्दर्भिक बन्न पुगेको छ । यसका साथै मानवअधिकार तालिम हिउँदे तथा वर्षे तरकारी खेतीबाट पनि समूहका महिलाहरूमाआय आर्जन बढाउँनसक्ने क्षमताको बृद्धि होस् भन्नाका लागि नेतृत्व तथा सीप विकास तालिम तथा समूह संचालन कार्यमा सहजता थपियोस, आयव्यय विवरण तथा खाता संचालन कार्यमा सरलता आवोस् भन्नाका लागि महिला समूहका सदस्यहरूलाई उनीहरूको सक्रियताको आधारमा वचत सरलता व्यस्थापनसम्बन्धी तालिमहरूको आयोजना गरेबाट महिलाहरूमा आफैं खाता तथा लेखा संचालन गर्ने कार्यमा अझै सरलता थपिएको छ ।

कसै कसैको भनाई छ कि एड्स वा अन्य कुनै पनि यौनसम्बन्धी रोगहरू आइमाईको रोग हो । यो त केवल सत्य र तथ्यहरूलाई बग्याउन खोज्ने दुस्प्रयास हो । यस भनाइबाट शिक्षित समुदायमा पनि महिलाहरूलाई हेर्ने दृष्टिकोणमा टाट पल्टेको रहेछ भन्ने कुराको पुष्टि हुन्छ । विभिन्न अनुसन्धान र अध्ययनहरूले बताएअनुसार एड्स रोग महिलाबाट पुरुषमा र पुरुषबाट महिलामा सर्ने मात्र नभएर यौन सम्बन्धको कारणबाट एक अर्कोमा सर्ने रोग हो । बरु यो रोग महिलाबाट पुरुषमाभन्दा पुरुषबाट महिलामा बढी सर्ने गरेको छ । ●

## आरआरएनको आव्हान

**ग्रामीण गरिबलाई सशक्त बनाउने आरआरएनको काममा निम्न रुपमा सघाउन सबै व्यक्ति तथा संघ-संस्थाहरुलाई आव्हान गरिन्छ :**

- **आरआरएनको सार्वजनिक अभियानहरूमा संलग्न भएर**
- **गरिबी निवारणको लागि दक्षिण एसिया सहकार्य सञ्जाल (SAAPE) वा समान उद्देश्यका अन्य सञ्जालहरूमा संलग्न भएर**
- **आरआरएनको मुख्य उद्देश्यहरूमा ऐक्यबद्धता जनाएर ।**

# संविधानसभा र महिला

**लक्ष्मी कार्की**
कानुन अधिकृत, आरआरएन
केन्द्रीय कार्यालय

आजको एक्काइसौं शताव्दीको लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थाको अनिवार्य आवश्यकता, महिलाहरूको चेतनास्तर तथा क्षमता, समय परिस्थिति अनुसार बढ्दै गएको अवस्थामा आम जनताका मागलाई संवोधन गर्न र विद्यमान लैङ्गिक विभेदलाई अन्त्य गर्नका लागि उठेको जनचेतनाले गर्दा संविधान सभाद्वारा अब बन्ने नयाँ संविधानको प्रस्तावनामा नै महिला र पुरुष वीचको सबै प्रकारका विभेद हटाई समान साझेदारितालाई स्थापित गर्नु अनिवार्य छ ।

हाम्रो देशमा २००५ सालको क्रान्तिसगै जनताको सार्वभौम अधिकार स्थापित गर्न राणा शासनको विरुद्ध संविधानसभाको विषयले प्रवेश पाएको थियो । क्रान्तिको आह्वान गर्दा नेपाली कांग्रेसले आफ्नो घोषणा पत्रमा भनेको थियो राणा शासनको अन्त्य पछि नेपाली कांग्रेसले नेपाली जनताले बालिग मताधिकारका आधारमा निर्वाचित गरेको प्रतिनिधिहरूको एउटा सभा बोलाउने छ र सोही सभालाई लोकतान्त्रिक नेपालको राज्यको संविधान बनाउने अधिकार हुनेछ । सो अनूसार (क्रान्तिपछि २००७ फागुन ७ गते राजा त्रिभुवनले संविधानसभाको चुनाव गरिने घोषणा पनि गरेका थिए । तर जनताको यो सार्वभौम अधिकारलाई राजाले कहिल्यै आत्मसात गर्न सकेनन् र नेपालमा राजाको घोषणा संधै संविधान, नियम र कानुनभन्दा माथि रहने परम्परा बस्यो । यो परम्परालाई यस पटकको जन आन्दोलनले तोकीदिएको छ । संविधानसभाको निर्वाचन र त्यसबाट बन्ने संविधानले यसलाई संस्थागत गर्नेछ । जन आन्दोलनको भावनाअनूसार संविधानसभाको चुनाव र त्यसबाट बनाइने संविधानद्धारा नेपालको राज्यसंचालन पद्धतिको नयाँ अभ्यासबाट समग्र लोकतान्त्रिक रुपान्तरणको चरण सुरुआत हुनेछ । यो नेपालको राजनीतिक इतिहासमा एउटा संक्रमणकाल हो । यसका ४ मूख्य आयामहरू निम्न बमोजिम छन् :

क) नेकपा माओवादीसँग वार्ता र त्यसका आधारमा जनजीवनमा स्थिर सामान्यीकरण, हतियारको अन्तिरिम व्यवस्था, माओवादी समेतको सहभागितामा अन्तरिम सरकारको गठन

ख) संविधानसभाको निर्वाचन

ग) नयाँ संविधानको निर्माण एवं घोषणा ।

ग) यसबाट देशले आर्थिक सामाजिक, राजनीतिक रुपमा समावेशी अग्रगामी निकास प्राप्त गर्ने यसबाट देशमा शान्ति स्थापना हुने अपेक्षा ।

**संविधान भनेको के हो ?**

संविधान देशको मूल कानुन हो । संविधानमा राज्यका अंगहरूको शक्तिको बाँडफाँड र तिनीहरू वीचको सन्तुलन र नियन्त्रण तथा राज्यको स्रोतको वितरणको स्पष्ट रुपरेखा निर्धारण गरिन्छ। संविधान आम जनताको इच्छा आकांक्षा बमोजिम बनाइनु पर्दछ। जनता आफ्नो इच्छा बमोजिम शासित हुन चाहान्छन् । संविधान निर्माण प्रक्रियामा राज्यका सवै तह र तप्काका जनताका सहभागिता हुनु जरुरी हुन्छ। अन्यथा संविधानले जनताका समर्थन पाउँदैन ।

**संविधानसभा भनेको के हो ?**

संविधानसभा भन्नाले जनताको प्रत्यक्ष सहभागितामा संविधान निर्माण गर्ने प्रक्रियालाई बुझिन्छ । संविधानसभाको निर्वाचनले संविधान

निर्माण गर्ने प्रतिनिधिहरूको छनौट गर्दछ । यसले देशको शासन पद्धति र राजनीतिक प्रक्रियामा सहभागी हुन पाउने जनताको अधिकार सुनिश्चित गर्दछ । यसले संविधानका स्रोत जनता हुन् भन्ने कुरा स्थापित गर्दछ । साथै जनता सार्वभौम भएको कुरा स्वीकार गर्दछ । पछाडि पारिएका समुदाय तथा अल्पसंख्यकहरूको अस्तित्वलाई स्वीकार गरी संविधानसभामा सम्मानजनक प्रतिनिधित्व गराई उनीहरूको सरोकारहरूलाई राष्ट्र निर्माण प्रक्रियामा समायोजन गराउने अवसर प्रदान गर्दछ ।

नयाँ बन्ने संविधानमा महिला र पुरुषको समान साझेदारितालाई सुनिश्चित गर्नका लागि निम्न विषयहरूलाई समावेश गरिनु आवश्यक देखिन्छ :

**राज्यका सबै संरचनामा समान साझेदारिता :** लोकतान्त्रिक शासन प्रणालीमा राजनैतिक पार्टीहरूको महत्वपूर्ण भूमिकालाई अझ सशक्त पार्न र राजनैतिक पार्टीहरूमा फैलिएको पित्रृसतात्मक चिन्तनलाई न्यूनीकरण गर्न र महिलालाई समानताको विन्दुमा पुऱ्याउनका लागि राज्यका हरेक निर्णायक संरचनाहरूमा ३३ प्रतिशत महिलाहरूको सहभागिता हुनु पर्ने देखिन्छ ।

**राष्ट्राध्यक्ष सम्वन्धमा:** लोकतान्त्रिक शासन व्यवस्थामा राष्ट्रअध्यक्ष पदमा महिला र पुरुष जो सुकै हुन पाउँने व्यवस्था अव आउने संविधानमा स्पष्ट उल्लेख भएको हुनुपर्छ ।

**आर्थिक समानता सम्वन्धमा:** आर्थिक तथा सामाजिक रूपले पराधीन बनाउने परम्पराको अन्त्य गर्दै समानता र स्वतन्त्रताको स्थापना गर्नु अंशमा समान अधिकारको व्यवस्था संविधानमा नै उल्लेख हुनु अति आवश्यक देखिन्छ ।

**राजनीतिक पार्टीका सम्बन्धमा:** प्रत्येक राजनीतिक पार्टीहरू र तिनका जनवर्गीय संगठनमा ३३% महिलाहरू अनिवार्य रहनुपर्ने व्यवस्था संविधानको प्रस्तावनामा नै उल्लेख गरिनु पर्छ ।

**संविधानसभाको गठन प्रक्रियामा महिलाको पक्षमा ध्यान पुऱ्याउनै पर्ने कुराहरू :**

- संविधानसभाको निर्वाचनका लागि तयार गरिने संविधानसभा नियमावलीका साथै कानुन निर्माण प्रक्रियामा महिला प्रतिनिधित्व गराइनुपर्ने ।
- स्वतन्त्र र निष्पक्ष संविधानसभाको निर्वाचनका लागि एक स्वतन्त्र र समावेशी निर्वाचन आयोगको गठन गरिनु पर्ने ।
- पिछडिएका वर्गका महिलाहरू समेत समावेश हुनेगरी संविधानसभाको निर्वाचन क्षेत्र निर्धारण गर्नु पर्ने ।
- संविधानसभाको निर्वाचनका लागि समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली अपनाइनुपर्ने ।
- संविधानसभामा महिलाको समानुपातिक प्रतिनिधित्व गराइनुपर्ने ।

**संविधान निर्माण प्रक्रियामा महिलाको पक्षमा ध्यान पुऱ्याउनै पर्ने कुराहरू :**

- संविधानसभाको पहिलो वैठकले नै नयाँ बन्ने संविधानमा महिलाका सम्पूर्ण हक अधिकारहरू प्रत्याभूत गर्ने घोषणा गनुपर्ने ।
- संविधानसभाले संविधान मस्यौदा गर्दा गठन गरिने प्रत्येक विषयका मस्यौदा समितिमा महिलाको समानुपातिक प्रतिनिधित्व गराइनु पर्ने । ●

# दुधे बालक घरमै छाडी श्रमदनमा जुटे महिलाहरू

**गिरीश भट्ट**
सामुदायिक परिचालक, आरआरएन, कञ्चनपुर

महिना दिनको बच्चा घरमै छोडी काम गर्न आएकी हुँ । जरहिनाला कुलो निर्माणमा सहभागी २५ बर्षीय देबकला ओड बताउाछिन् । कृष्णपुर गा.वि.स. ६।८ स्थित जरहीनाला कुलो निर्माणमा जुटेका अधिकांश सहभागीहरू महिला नै देखिन्छन् । पुरुषहरू भारत कमाउन गएका हुँदा गाउँको कुलो निर्माणमा महिलाहरूले नै जुट्नु परेको वस्तुस्थिति हो । दक्ष कामदारलाई सम्पूर्ण ढुङ्गा, गिट्टी, बालुवा बोक्न तथा मसला बनाउन सहयोग गर्ने काम महिलाहरूले नै गर्दैछन् ।

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा संचालित ग्रामीण समुदायिक पूर्वाधार तथा जीविकोपार्जन सहयोग कार्यक्रम अन्तरगत ७१ घरधुरी दलितसहित जम्मा ८१ घरधुरी बीचको झण्डै २५ हेक्टर जमिन सिंचित भई लाभान्वित हुने योजनाको लक्ष्य रहेको कुरा आरआरएन, कन्चनपुरले जनायो । पाँच सय मिटर कुलो निर्माण गर्न स्थानीय जनतासँग सम्झौता भएअनुसार जनश्रमदानका लागि पुरुष नहुंदा महिला काममा लाग्नु परेको यथार्थ हो । 'श्रीमान् त बाली लाउन आउने भनेका छन् हेरौं कहिले आउँने हो ?' विमला भूल बताउँछिन् । आफ्नो गाउँको कुलो बनाउन पनि केको लाज हामीलाई नै चाहिने हो भन्दै अधिकांश महिलाहरू जनश्रमदानमा जुटेका छन् । कुलोनिर्माणमा पुरुषहरूको तुलनामा महिला नै आधकांश सहभागी रहेका छन् । आर्थिक अबस्था कमजोर भएका कारण कुलो निर्माणमा आवश्यक पर्ने समाग्रीहरू जस्तै तसलाहरू आदिको ठाउँमा गाउलेहरूले घरका खाना पकाउने डेक्ची, कराई, बाल्टी आदिको उपयोग गरेको पाइन्थ्यो । काम गर्दा



गर्मीले असहज गर्ने हुँदा केही समय शीतल छहारी मा बसी महिलाहरू गीत गाई रमाइलोसमेत गरिरहेका भेटिन्थे ।

प्रत्येक दिन एकजनाद्वारा हाजिर लगाउने तथा कामकाज कसरी भइरहेको छ तथा संस्थाबाट प्राप्त सामग्रीहरूको खर्च एवं मौज्दातको हरहिसाब राख्ने जिम्मेवारी लिईएको थियो । दलितहरू सबै ५ कट्ठामुनि जमिन भएका हुनाले उत्पादनले ३ महिनासम्म खान नपुग्ने भएपछि सो समुदायका वालकहरू बाहेक प्रायः सबै पुरुषहरू भारततिर मजदुरि गर्न गएका पाइन्छन् । आफ्ना श्रीमान्हरू भारत गएको हुँदा प्रत्येक परिवारबाट अनिवार्य श्रमदान गर्नैपर्ने निर्णय निर्माण समितिले गरेको हुनाले आफूहरू कुलो निर्माणमा जुटेको ती सहभागी महिलाहरू बताउँछन् । पहिला कुलो कच्ची रहँदा सबै उपभोक्ताहरूसम्म पानी पुग्दैन थियो । पानीको लागि समुदायमा पटक-पटक कच्ची कुलोलाई मर्मत गरिरहनु पर्ने बाध्यता रहेको थियो भने अर्कोतिर समुदायमा पानीका लागि आपसमा वादविवाद भइरहने गर्दथ्यो ।

आरआरएनले पक्की कुलो निर्माण गरिदिएपछि जनताहरू आफ्नो बर्षौदेखिको सपना पूरा भएको ठान्दछन् । आफूहरूसँग ५ कट्ठाभन्दा पनि कम जमिन भएकोले अब सिंचाईको व्यवस्था भएपछि व्यावसायिक उहाँमा तरकारी खेती गर्ने कुरा स्थानीय दलित महिलाहरू बताउँछन् । उहाँहरू आफ्नो उत्पादनको लागि स्थानीय गुलरिया बजार तथा कैलालीको अंत्तरिया बजार रहेकोले पनि तरकारी खेतीबाट बढी लाभ हुने कुरामा ढुक्क छन् ।

उक्त ५०० मिटर कुलो निर्माण कार्यमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) कञ्चनपुरको आर्थिक र प्राविधिक सहयोगमा संस्थाको तर्फबाट रु. ६,४७,३८८ र स्थानीय समुदायको जनश्रमदानवापत रु १,३४,०१५ गरी जम्मा रु. ७,८१,४०३ लागत रहेको छ । ●

# ग्रामीण विकासका चौमूखी विधिहरू

ग्रामीण पुनर्निर्माणको लागि आरआरएनको काम चौआयामिक विधिमा आधारित छ ।

आरआरएनले सहजीकरण, परिचालन तथा स्वसंगठनका प्रकृयाबाट गरीब, विपन्न वर्गहरू महिला, दलित, जनजाति, किसान तथा बालबालिकाहरूका लागि एकीकृत चारपत्रे पहुँचलाई आधार मानेर कार्यक्रमहरू संचालन गरेको छ । ती पहुँचले निम्न कुराहरूलाई समेट्छन् :

१. **शिक्षा र सचेतना** – अशिक्षासँग लड्न र गरिब जनतालाई उनीहरूको अधिकारमा पहुँच पुऱ्याउन सशक्त बनाउन ।
२. **दिगो जीविकोपार्जन** – गरिबीसँग लड्न ।
३. **स्वास्थ्य** – रोगहरूलाई रोकथाम गर्न ।
४. **स्वशासन** – सामूहिक शक्ति विकास गरी नैराश्यतालाई हटाउन ।




ग्रामीण जनता जुनसुकै समाजका भएता पनि उनीहरू एक-आपसमा अल्झिएका चारवटा मुख्य समस्याहरूबाट ग्रसित हुन्छन् । ती हुन्- अशिक्षा, गरिबी, रोग र नैराश्यता । ग्रामीण विकासको लागि यी चारवटामध्ये कुनै एकको मात्र समाधान भएमा पुनर्निर्माण भएको मानिदैन । तसर्थ, चारवटै समस्याविरुद्ध एकीकृत कार्यक्रम संचालन गर्नुपर्दछ ।

# सल्यानमा सामुदायिक खानेपानी, सरसफाई तथा स्वास्थ्य कार्यक्रम

**विश्वमणि खनाल,**
आरआरएन, सल्यान

पूर्वाधार विकास र सीपमूलक तालिमका क्षेत्रमा काम गर्दै सल्यान जिल्लामा करीव ३ वर्ष पूरा गर्ने तयारीमा रहेको नेपाल ग्रामीण पुनर्निमाण संस्था (आर.आर.एन) सल्यानले सल्यान जिल्लामा यस वर्ष ग्रामीण सामुदायिक पूर्वाधार तथा जीविकोपार्जन सहयोग कार्यक्रमका अलावा युरोपियन कमिसन मानवीय सहायता कार्यालयको सहयोग, कारितास अष्ट्रिया र आर.आर.एन. सल्यानको साझेदारीमा सामुदायिक खानेपानी, स्वास्थ्य तथा सरसफाई कार्यक्रम (C-WASH) अन्तर्गत विभिन्न कार्यक्रमहरू सम्पन्न गऱ्यो । १५ जुन २००५ देखि १५ जुन २००६ सम्म ८ महिनाको छोटो समयमा सञ्चालन गरिएको यो कार्यक्रम खलंगा गाविसको जोगीदेउ खोला र छापडाँडा, सेजवालटाकुरा गाविसको तल्लो मार्के, स्यानिखाल गा.वि.स.को रेशमज्यूला र डाँडाँगाँउ गा.वि.स.को चौरगाउँ (गोगनखोली) मा सञ्चालन गरिएको थियो ।

वत्तीमुनिको अध्यारो भने जस्तै यीमाथि उल्लेखित वस्तीहरू जिल्ला सदरमुकामदेखि धेरै टाढा नपर्ने भए पनि यहाँका मानिसहरू अधिकांश समय पिउने पानीका निम्ति धारा, कुवा, पँधेरा मात्र नभई सारदा खोला पनि धाउनुपर्दथ्यो, जहाँ खानेपानीका निम्ति सारदाका छेउमा सानासाना माटाका डिलहरू छेकवारको रुपमा लगाई कुवाहरू जस्ता बनाइएका हुन्थे, ती कुवा खाल्डाहरूमा विस्तारै कचौरा या जगले पानी भर्नु पर्दथ्यो, कसैले टेकेमा भत्केर पानी फोहोर हुन्थ्यो र पुनः पानी सङ्लो नहुन्जेल कुरेर (लाइन बसेर) वा खोलाकै पानी पनि आँखा चिम्लेर भर्नु पर्ने बाध्यता थियो । यसै प्रसङ्गमा रेशमज्यूला खानेपानी योजना उपभोक्ता समितिका अध्यक्ष एवं स्थानीय समाजसेवी लालबहादुर वूढा भन्नुहुन्छ "हामी देख्दै फोहोर र धमिलो देखिने खालको पानी पिउने गर्दथ्यौं । हाम्रो समुदायभित्र सफा पानी प्रायशः हुदैनथ्यो । पानी सफा नभए पनि अर्को विकल्प नभएकोले हामी त्यही पानीमा करिव करिव अभ्यस्त भैसकेका थियौं भन्नुपर्छ तर विशेषगरी पाहुनाहरू आउदा उनीहरूलाई त्यो फोहोर पानी खुवाउनु पर्दा निकै अप्ठ्यारो हुन्थ्यो । भन्दै अगाडि भन्नु हुन्छ – "मेरो घरमा एक पटक एकजना आगन्तुकले फोहोर पानी भएका कारण त्यो पानी नखाई भैगो पारि बजार गएर खाउँला भनेर पानी नखाएको घटना सम्झदा मलाई निकै नै दुःख लाग्छ ।"

यो समस्या विशेषगरि रेशमज्यूलावासीहरूको थियो भने अन्य समुदायहरूमा पनि यही स्तरका अन्य खालका समस्याहरू जस्तै खानेपानीका एक डेढ दशक लामा एकाध सामान्य नमूना संरचनाहरू, जसको केवल उपस्थिति मात्र थियो, पानी आउदैनथ्यो, पानी लिन एक डेढ घन्टा टाढा धाउनु पर्ने तैपनि सफा र सुरक्षित पानी खान नपाउने बाध्यता थियो भने स्वास्थ्य तथा सरसफाइको अवस्था पनि निकै नाजुक थियो । नगन्य घरहरूमाबाहेक अधिकांश घरहरूको सौचालय बाटाघाटा, खुला चौर भएको स्वीकार्नुले पनि सरसफाइको नाजुक अवस्थालाई पुष्टि गर्दछ ।

खानेपानीको समस्या भएको यस्तो अवस्थामा सफा र सुरक्षित पानीको परिकल्पना, सफा सुग्घर रहने तथा पानीवाट लिन सकिने अन्य आय आर्जनका (विशेषगरि तरकारी खेती) स्रोतहरू यी समुदायहरूका निम्ति केवल कल्पनामै सिमित थिए । पानीको स्रोत छँदाछँदै पनि आर्थिक अभावका कारण हामी आफैले योजना निर्माण गर्न सम्भव हुन सकिरहेको थिएन भने अन्य निकायहरूको पनि हाल

सम्म ध्यान जान सकिरहेको थिएन र योजना निर्माण गर्न नसक्दा हामी समस्या भोग्न या समस्यामाथि मुकदर्शक बन्न विवश थियौ ।' भन्नुहुन्छ जोगीदेऊ खोला खानेपानी योजना निर्माण समितिका अध्यक्ष शोभा शाह । स्मरणीय छ, यस योजनामा पुरै महिला समितिद्वारा खानेपानी योजना निर्माण कार्य सम्पन्न गरिएको थियो । नियमित रुपमा कामको अनुगमन गर्ने, कामको कार्य विभाजन गरी काम गर्ने, वैठकहरू बस्ने तथा आवश्यताअनुसार संस्थासँग सम्पर्क गरी आवश्यक सुझाव सल्लाहहरू लिने जस्ता कार्यहरू उनीहरूका निम्ति एकताकाका दिनचर्या नै थिए । सबै जातजाति वर्ग र क्षेत्रका महिलाहरूलाई समेटेर निर्माण गरिएको यो समिति सल्यान जिल्लामै पहिलो नमूना महिला समिति पनि हो ।

रेशमज्यूला खानेपानी योजनाकी उपभोक्ता चन्द्रा चलाउने आफ्नो विगतको घटना सम्झदै भन्छिन् "एक पटक म शारदाको छेउमा बसेर आफ्नो सुरमा पानी भरिरहेकी थिएँ, माथिबाट खोलामा बाढी आएर मेरो गाग्री बगाईदिएपछि म मुस्किलले बाँचेर घर फर्के" । समुदायको लगानी (जनश्रमदान) र आयोजनाको अनुदानमा हालै निर्माण भएका खानेपानी योजना र शौचालय निर्माणले नमूना बनेको उक्त समुदायहरूमा खुशीको लहरसँगै मानिसहरूको स्वास्थ्य र सरसफाइको अवस्थामा पनि सुधार आउन थालेको छ भने मानिसहरू बचत पानीलाई तरकारी खेतीमा प्रयोग गर्न शुरु गरेका छन् । बजारक्षेत्र नजिक भएकोले उत्पादित उपजहरूलाई सजिलै श्रीनगर र खलंगा बजारसम्म पुऱ्याई आयआर्जन लिन सकिने भएकोले यो व्यवसाय शुरु गर्नेहरूको संख्या पनि दिन प्रतिदिन वढिरहेको पाइन्छ । ३२९ घरधुरीका ९६४ महिला र ९८९ पुरुष गरी कुल १९५३ जनसंख्यालाई प्रत्यक्ष रूपमा फाइदा पुऱ्याइएका यी योजनाहरूमा खलंगा गाविसको जोगिदेऊ खोला जहाँ, ७१ घरधुरीका ४०० जनसंख्यालाई फाइदा पुऱ्याउने गरी ९ वटा धारा सहितको खानेपानी योजना तथा १५ वटा शौचालय निर्माण गरिएको छ भने सोही गा.वि.स.को छापडाँडामा ४८ घरधुरीका २७५ जनसंख्यालाई फाइदा पुऱ्याउने गरी ७ वटा धारा सहितको खानेपानी योजना र ४४ वटा शौचालय निर्माण गरिएको छ ।

स्यानिखाल गाविसको वडा नं. १ रेशमज्यूलामा सबैभन्दा धेरै १०६ घरधुरीका ६५६ जनसंख्यालाई फाइदा पुऱ्याउन ८ वटा धारासहितको खानेपानी योजना तथा ५० वटा शौचालय निर्माण गरिएको छ । त्यस्तै गरी डाँडागाउँ गा.वि.स.को चौरगाउँमा (गोगनखोली) ६२ घरधुरीका ४०० जनसंख्यालाई फाइदा पुऱ्याउन ९ वटा धारा सहितको खानेपानी योजना तथा समुदायको अगुवाइमा सरसफाई Community Led Total Sanitation (CLTS) को अवधारणा अनुसार ५७ वटा नयाँ शौचालय स्थानीय साधन तथा स्रोतको प्रयोग गरी निर्माण गरिएको थियो । सेजवालटाकुरा गाविसको सिमखोलीमा ३९ घरधुरीका २२२ जनसंख्यालाई फाइदा पुऱ्याउन ७ वटा धारासहितको खानेपानी योजना निर्माण गरिएको छ भने यस समुदायमा पनि शौचालय निर्माणमा CLTS को अवधारणलाई लागु गरिएको थियो, जहाँ संस्थाको अनुदानबिना जनचेतनाको माध्यमवाट सवै घरमा आ–आफ्नो हैसियत र क्षमताअनुसारको अस्थायी प्रकृतिकै भएपनि सौचालय निर्माण गरी खुल्ला स्थानमा दिसापिसाव गर्ने क्रमलाई रोकिएको छ । बंगलादेशी नागरिक डा. कमलकारको यस अवधारणालाई नेपालमा नेवा र प्लान नेपालले यस अघि विभिन्न समुदायहरूमा लागू गर्ने प्रयास गरिरहेको अवस्थामा आर.आर.एन सल्यानले पनि यस अवधारणको परिक्षण प्रयास गरेको थियो । सल्यान जिल्लाले पहिलो पटक यस अवधारणालाई सल्यान जिल्लाको सेजवालटाकुरा गाविसअन्तर्गत पर्ने तल्लो मार्के र डाँडाँगाउँ गा.वि.स.को चौरगाउँमा लागू गरिएको थियो ।

अहिलेको कठिन र चुनौतीपूर्ण अवस्था एवं अनुदानबाट शौचालय बनाउने प्रथा चलिरहेका परिप्रेक्ष्यमा यो अवधारणा लागू गर्नु कठिन र चुनौतीपूर्ण त थियो नै तथापि समुदायको भरपुर सक्रियता र संस्थाका सामाजिककर्मीहरूको अनवरत सहजीकरणले CLTS Approach पनि सफल एवं प्रभावकारीरुपमा सफल हुँदो रहेछ भन्ने

अनुभव हासिल भएको छ । यद्यपि यो अवधारणा लागू गर्न परियोजना समय अवधी यथेष्ट नभएको महशुस भएको छ । अहिले सिमखोलीका ३९ घर र चौरगाउँका ५७ घरहरूमा आ-आफ्नो हैसियत र क्षमता अनुसारका शौचालयहरू निर्माण भएका छन् । शौचालय आफ्नो क्षमताअनुसार सुधार विस्तार गर्ने क्रम जारी छ भने पहिला दिसा गर्न धेरै टाढा जंगल, खोलानाला धाउने, चर्पीमा दिसा आउदैन भन्नेहरूसमेत पछि नपर्ने गाउलेहरू अहिले चर्पीको प्रयोग गरिरहेका छन् । अहिले उनीहरूले यस गाउँमा हामी कसैले पनि बाटाघाटा वरपर दिसा पिसाव गर्दैनौं भन्ने लेखिएको होडिङ्ग वोर्ड गाउँको विचमा झुण्ड्याएका छन् । अहिले वास्तवमै यो समुदायमा सरसफाइको स्थितिमा तुलनात्मक रुपमा उल्लेख्य परिवर्तन आएको छ । अहिले उनीहरू अन्य समुदायहरूमा समेत यस अवधारणाको प्रचार प्रसार गर्न अग्रसर छन् तर पनि हाम्रा सहजकर्ता तथा सामाजिक परिचालकको पटक पटकको अनुगमन तथा उत्प्रेरकको भूमिकाको आवश्यता खट्किरहेको छ र उपलव्ध जनशक्तिको आधारमा अन्य कामलाई असर नपर्ने गरी संस्थाकोतर्फवाट यो क्रम जारी राख्ने प्रयास गरिरहेको छ । CLTS प्रयोग गर्ने क्रममा यस समुदायमा बाल क्लब, आमा समूह, शिक्षक विद्यार्थी, महिला स्वास्थ्य स्वंयसेविकाहरू सक्रिय रूपमा लागि परेका थिए, जसलाई उत्साहित र सक्रिय गर्न संस्थाले प्रभावकारी सहजीकरण विधिका अलावा विभिन्न स्टेशनरी सामग्रीहरू, चेतनामूलक पोष्टरहरू पनि प्रदान गरिएको थियो । प्रोत्साहन स्वरुप पहिला शौचालय बनाउनेहरूलाई पुरस्कारकोसमेत व्यवस्था शुरु गरिएको यस कार्यक्रममा सहयोगी माथि उल्लेखित स्थानीय संघ संस्थाहरूले बीच वीचमा विभिन्न खालका सन्देशमूलक मनोरञ्जनात्मक कार्यक्रमहरू, हाजिरीजवाफ प्रतियोगिता, खेलकुद प्रतियोगिता, नाटक, ज्याली जस्ता कार्यक्रमहरू गरेका थिए । अत्यन्त रमाईलो गरी स्वत:स्फूर्त रूपमा सम्पन्न गरिएको यस कार्यक्रममा आर.आर.एन.ले केवल सहयोगी भूमिका मात्र निर्वाह गरेको थियो । यस कार्यक्रमलाई सक्रिय पार्न तल्लोमार्केमा गठित स्थानीय बालक्लवका अध्यक्ष पुरनबहादुर रेउले बिगतलाई सम्झदै अगाडि भन्छन् “शुरुमा संस्थाले के यस्तो कार्यक्रम लिएर आएको होला ? के आयोजनाको विनासहयोग शौचालय निर्माण कार्य सम्भव होला ? दिसा व्यवस्थापनका कुरा गर्दै हिड्दा लाज पो लाग्ने हो कि, समाजमा घृणाको पात्र पो बनिने हो कि भन्ने जस्ता विभिन्न खुलदुलीहरू मलाई लागिरहेको थियो । तर, काम गर्दै जाँदा सवैलाई प्रभावित गर्न सकियो । अहिले दिसालाई व्यवस्थीत गर्ने कार्यको थालनी पनि भएको छ भने गाउँका सवै मानिसहरूले जे जस्तो होस शौचालय निर्माण गरी प्रयोग पनि गरेका छन् । यो यथार्तमै राम्रो कार्यक्रम रहेछ । यस कार्यक्रमलाई अन्यत्र पनि विस्तार गर्न संस्थालाई म शुभकामना दिन चाहन्छु ।”

आर.आर.एन. सल्यानको कुल अनुदान रु. २८,४३,८८० र समुदायको २७,५४,७०४ रुपियाँ बराबरको जनश्रमदान गरी जम्मा लागत रु. ५५,९८,५८४ मा यी चार गाविसका पाँच खानेपानी योजना र CLTS को चेतनाद्वारा निर्मित ९३ शौचालय समेत निर्माण भएका थिए । खानेपानी योजना निर्माण, सौचालय निर्माणका अलावा सन्बन्धित गाविसका २४९ जनालाई (शिक्षक, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह, सुडेनी, ग्रामीण स्वास्थ्य कार्यकर्ता, बाल क्लब प्रतिनिधि) सामुदायिक स्वास्थ्य र सरसफाईसम्बन्धी तालिम दिइएको थियो । उनीहरूमार्फत समुदायमा न्युनतम स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले ७६ थान किट बक्स, ७ थान स्ट्रेचर र २,२०६ पोष्टर, पम्पलेट तथा बुकलेटहरू पनि उपलव्ध गराइएको थियो । ४ थान किट वक्स स्थानीय विद्यालयहरूलाई पनि उपलब्ध गराइएको थियो ।

समुदायले योजनालाई दिगो बनाई राख्न तथा योजनाको संरक्षण, संवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले यी योजनाहरूमा मर्मतसंभार कोष स्थापना गरेका छन, जसअन्तर्गत पाँच योजनामा हाल मर्मत संभार कोषवापत ७५,५५० रकम जम्मा गरिएको छ । यो रकम हरेक महिना २० देखि ५० रुपैया दरमा उठाई संकलन गरिएको हो यद्यपि

यो क्रम अहिले पनि निरन्तर चलिरहेको छ र यसका साथै योजनालाई  व्यवस्थित रूपमा सञ्चालन गर्नका निम्ति राखिएका चौकिदारको पारिश्रमिक वापत आवश्यक पर्ने रकम समेत नियमित रूपमा संकलन गर्ने गरिएको छ । यस कार्यक्रमवाहेक महिलालाई उत्साहित र सक्रिय गर्न तथा उनीहरूलाई  महिला वचत तथा ऋण लगानी कार्यक्रम संञ्चालन गरी तिनीहरूको जीविकोपार्जनमा टेवा पुगेको छ । यस  कार्यक्रम अन्तरगत मासिकरूपमा १० देखि २० रुपैंया उठाउँदा  हाल उनीहरूसँग २०,४९० रकम संकलन भैसकेको छ ।

आर.आर.एन.का यिनै विकास निर्माण र स्वास्थ्य सरसफाइका कार्यक्रमहरू नजिकवाट मूल्याङ्कन गरिरहनु भएका जिल्लास्थित विभिन्न व्याक्तित्वहरूको कार्यक्रमसम्बन्धी व्यक्त विचार यस्तो छ -

**मोहन पौडेलः** का.मु प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, सल्यान

निश्चित उद्देश्य र  वास्तविक लक्षित समुदाय पहिचान गरी शिक्षा, स्वास्थ्य, खानेपानी, ग्रामीण कृषि सडक, लघुजलविद्युत जस्ता भौतिक पूर्वाधारका क्षेत्रमा आफ्ना कार्यक्रमहरू केन्द्रित गरेको यस संस्थाले छोटो समयमै यस जिल्लामा उल्लेख्य विकासका कामहरू गर्न सफल भएकोमा मलाई खुसी लागेको छ । अहिलेको द्वन्द्वग्रस्त भएको अवस्था र अन्य संघ सस्थाहरू ग्रामीण तहसम्म पुग्न नसकिरहेको अवस्थामा आर.आर.एन.ले जुन साहस गरी विकट दुरदराजसम्म पुग्न सफल  छ यस कार्यको म प्रंशसा गर्दछु ।

संस्थाभित्र घोटाला हुने वा हुनसक्ने जुन प्रकारको आशंका गरिन्छ त्योभन्दा अत्यन्त पृथक रहेर पारदर्शी तरिकाले यो संस्थाले यस जिल्लामा काम गरिरहेको मैले महशुस गरेको छु । संस्थाको योजना सञ्चालनप्रक्रिया तथा पारदर्शीताका लागि अपनाइएका विभिन्न विधिहरू अन्य संघ-संस्थाका निम्ति पनि उदाहरणीय बन्न सक्छन् भन्ने मलाई लाग्छ । आर.आर.एन.को कामको गति राम्रो छ । संस्थाले युरोपियन कमिसनको सहयोगमा चार गा.वि.स.मा  सञ्चालन गरेको खानेपानी, स्वास्थ्य र सरसफाइको पछिल्लो कार्यक्रम प्रभावकारीरुपमा सञ्चालन गरेको मैले पाएँ । यस्ता खालका कार्यक्रमहरू अन्य समुदायहरूमा पनि विस्तार गर्दै लान र विशेषगरी दलित समुदायमा उनीहरूलाई जाँड, रक्सी जस्ता कुराहरूमा सुधार गर्न सकिने प्रोत्साहनमूलक तथा आयआर्जनका  कार्यक्रमहरू पनि सञ्चालन गर्न म आग्रह गर्दछु ।

**रमकान्त दुवाडीः** नि.स्थानीय विकास अधिकारी, सल्यान

आर.आर.एनले आफ्ना कर्मचारीहरूको परिचालन गरी जनचेतनाको माध्यमबाट सेजवालटाकुरा गाविसको तल्लो मार्केका मानिसहरूलाई सशक्तिकरण गर्दै उनीहरूको बानी व्यवहारमा जुन परिवर्तन ल्याउने प्रयास गरिरहेको छ, त्यो अत्यन्तै सराहानीय छ । यस उदाहरणीय कार्यको जिविस सल्यानले उच्च मूल्याङ्कन गर्दै यसलाई संस्थाले भविष्यमा पनि निरन्तरता दिने विश्वास लिएको छु ।

**डा. उमाशंकरप्रसाद चौधरी** : जिल्ला स्वास्थ्य प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, सल्यान

आर.आर.एन.ले छोटो समयमा सञ्चालन गरेको (C-WASH) को कार्यक्रम यस जिल्लामा प्रभावकारी रूपमा सञ्चालन भएको मैले पाएँ । विशेषगरी जनचेतनाको माध्यमबाट शौचालयहरू बनाउने CLTS Approach अत्यन्त व्यवहारिक र प्रभावकारी हुँदोरहेछ । आर.आर.एन.ले जिल्ला स्वास्थ्य कार्यालयसँग समन्वय गरी सामुदा( यिक स्वास्थ्य कर्मीहरूलाई जुन खालका तालिमहरू सञ्चालन गर्‍यो, यो प्रंशसनीय थियो नै । संस्थाले आफ्ना विकास निर्माण कामका अलावा जिल्ला स्वास्थ्य कार्यालयले आयोजना गर्ने स्वास्थ्य शिविर जस्ता विभिन्न कार्यक्रमहरूमा संस्थाका कर्मचारीहरूले गरेको निःशुल्क सहयोगको  स्मरण गर्दै पुनः धन्यवाद दिन  चाहन्छु । साथै संस्थाले आगामी दिनमा पनि स्वास्थ्य शिक्षा, यसैसँग सम्बन्धीत तालिमहरू, मातृशिशु कार्यक्रमहरू र

विशेषज्ञ स्वास्थ्य शिविरका कार्यक्रमहरू गर्न सके पिछडिएका वर्गले फाइदा पाउन सक्ने भएकोले यस प्रकारको कार्यक्रमहरूको अपेक्षा राख्दछु ।

४. **ज्ञानेश्वर के.सी** : अध्यक्ष, गैसस माहासंघ, सल्यान

सामाजिक आन्दोलनका कामहरू न्यून रहेको अवस्थामा आर.आर.एन. यस जिल्लामा प्रवेश गरी विकटका बस्तीहरूसम्म पुग्न सफल रहेको छ भने अन्य संघ सस्थालाई समेत उत्साहित र प्रेरित गर्ने गरेको छ । संस्थाको योजना छनोटप्रक्रिया, काम गर्ने तौरतरीका र पारदर्शिता अन्य संस्थाहरूका निम्ति समेत आभारयोग्य छन् । अहिलेको यस्तो द्वन्द्वयुक्त परिस्थितिमा पनि व्यापक जनसहभागितामा उल्लेख्य पूर्वाधार विकासका कामहरू गर्न सक्नु राम्रो कुरा हो । संस्थाका सामाजिक कार्यकर्ताहरूको सक्रियता अन्य संस्थाका कर्मचारीहरूले पनि आत्मसात गरेर सिक्ने खालको छ । आर.आर.एन.ले छोटो समयमा सञ्चालन गरेको (C-WASH) को कायक्रम सफल एवं प्रभावकारी रूपमा सम्पन्न भयो भने जनचेतनाको माध्यमवाट शौचालयहरू निर्माण गर्ने CLTS को अवधारणा नमुनायोग्य थियो । यस्ता कार्यक्रमहरूलाई अरु गा.वि.स.हरूमा पनि विस्तार गर्दै लैजान म शुभकामना दिन चाहन्छु । ●

## आरआरएनका प्रकाशनहरू



# फोहरा सिंचाई योजनाले ल्यायो चुनवामा खुसी

उर्मिला बि.क,
सामाजिक परिचालक आरआरएन, सल्यान

भौगोलिक दृष्टिले अति विकट सल्यान जिल्ला सदरमुकामदेखि धेरै टाढा तथा पूर्व दिशातर्फ अवस्थित धनवा. गा.बि.स. सल्यान जिल्लाकै तरकारी प्रशस्त उत्पादन हुने ठाउँको रूपमा चिनिन्छ । धनवा गा.वि.स.का केही वडाहरूबाहेक अधिकांश वडाहरूमा प्रयाप्त मात्रामा भौतिक पूर्वाधारहरू नभएको पाइन्छ । झट्ट हेर्दा अलि भिरालो जग्गामा बस्तीहरू बसेको देखिए तापनि त्यहाँका मानिसहरू परिश्रमी तथा मेहनती देखिन्छन् । त्यहाँका मानिसहरू धेरैजसो समय आफ्नो खेतबारीमा नै बिताउने गर्दछन् । धनवा. गा.बि.स. वडा नं ९ चुनवा टोलमा नेपाल ग्रामीण पुनर्निर्माण संस्थाद्वारा चुनवा स्प्रिंकल सिंचाई योजना सम्पन्न भएकोछ । उक्त स्प्रिंकल सिंचाई योजनामा आर.आर.एन.को सामाग्रीसहित रु. २,९७,६७३/- (अक्षेरेपी दुई लाख सन्तानब्बे हजार छ सय त्रिहत्तर रुपैंया मात्र) र समुदायको लगानी वा जनश्रमदान रु. ३,००,०००/- (अक्षेरेपी तीन लाख रुपैंया मात्र) गरी कुल लागत रु. ५९७६७३ र (अक्षेरेपी पाँच लाख सन्तानब्बे हजार छ सय त्रिहत्तर रुपैंया मात्र) मा निर्मित स्प्रिंकल सिंचाई योजनाले चुनवाबासीहरूलाई धेरै सुबिधा पुऱ्याएको कुरा खुसीसाथ व्यक्त गर्दछन् ।

जातिगत रूपमा विविधतायुक्त अर्थात् नगन्य मात्रामा, क्षेत्री र जनजाति भएपनि अधिकांश दलितहरूको बाहुल्यता रहेको र एकदमै पिछाडिएको गरिब समुदाय हो । यहाँका मानिसहरूको आर्थिक शैक्षिक तथा स्वास्थ्य अवस्था एकदमै कमजोर छ । समुदायका केही व्यक्तिहरू बाहेक धेरैजसो अशिक्षित छन् । पढ्ने उमेरका धेरैजसो बालबालिकाहरू पनि घरमै बस्छन् । समुदायका मानिसहरूको मुख्य पेशा कृषि भएपनि यसअघि उनीहरूले सिंचाइ नभएका कारण उत्पादन बढाउन सकिरहेका थिएनन् । पिउनको लागि बोकेर ल्याएको पानी जग्गामा सिंचाई गर्न पनि सम्भव थिएन । विरुवाको जरासम्म खाद्यतत्व पुऱ्याउनु र कृषि उत्पादनमा राम्रो बृद्धि विकास गर्नका लागि सबैभन्दा महत्वपूर्ण साधन सिंचाई हो । कृषिमा सिंचाईले महत्वपूर्ण भूमिका निभाउने हुदाँ सिंचाइबिना कुनै पनि प्रविधिको विकास असम्भव हुन्छ । नजिक पानी भएका व्यक्तिहरूले मौसमी तथा बेमौसमी तरकारी खेती गरेको मुकदर्शक भएर बस्न विवस ती अधिकांश बासिन्दाहरू गरीब भएका कारण आफ्नो गाउँ समुदायनजिक पानीको प्रशस्त स्रोत भएपनि व्यवस्थित तरीकाले पानी ल्याएर आफ्नो खेतबारीहरू सिंचाइ गर्न नसकेको कुरा व्यक्त गर्दछन् ।

समुदायका तीन चार घरका दलितहरूले आफ्नो पुर्ख्यौली पेशा अर्थात् फलामका भाँडाहरू बनाई खलो खाने (अन्न उठाउने-प्रथालाई अँगाले पनि धेरैजसो व्यक्तिहरू रोजगारीको लागि वा पैसा कमाउने उद्देश्यले बाह्रै महिना कामका लागि भारततिर धाउनुपर्ने र एकदमै दु:ख गर्नु परेका तीता अनुभव सम्झदै आगामी दिनहरूमा व्यवस्थित तथा व्यवसायिक रूपमा तरकारी खेती गरेर आफ्नै गाउँठाउँमा बसेर आय आर्जन बढाउनतर्फ उन्मुख देखिन्छन् साथै यो समुदायका ४५ घरधुरीका व्यक्तिहरूले तरकारी खेती गर्नका लागि आ - आफ्नो जग्गाहरूमा नर्सरीमा ब्याड तयार गरी विरुवाहरू उत्पादन गर्न थालिसकेका छन् । सोही चुनवा टोलमै गत बर्ष पनि ओखेनीगैरा खानेपानी योजना आर.आर.एन.संस्था सल्यान र समुदायको उच्च सक्रियता तथा सहकार्यमा सफलतापूर्वक साथ सम्पन्न भएको थियो । उक्त खानेपानी योजनाले समुदायका अधिकांश व्यक्तिहरूलाई स्वच्छ र सफा पानीको प्रर्याप्तताको साथै सामुहिक रूपमा शारीरिक सरसफाई तथा लत्ता कपडा सफा गर्नको लागि धेरै सुबिधा पुऱ्याएको छ । अन्तमा चुनवा टोलका उपभोक्ता मंगल सि. बि.क.भन्नुहुन्छ- आर.आर.एन. संस्थाले हामी जस्ता निमुखा गरीब दलितहरूलाई मध्यनजर गर्दै सिंचाई तथा खानेपानी गरी दुईवटा योजना दिई हाम्रो जीवनस्तर माथि उकास्न धेरै सहयोग पुऱ्याएको छ त्यसका लागि संस्थालाई उत्तरोत्तर प्रगतिको कामना सहित मुरीमुरी धन्यवाद ।

# उदाहरणीय बनेकी छिन् ग्रामीण महिला पशु स्वयंसेविका

लक्ष्मी कटुवाल
आरआरएन, दमक, झापा

मेची अञ्चल झापा जिल्लाको दक्षिणी भेगको दुर्गम गा.वि.स. जुरोपानी ८ मा बस्ने २३ वर्षीय पवित्रा खरेलको दिनाचर्या अन्य महिलाकोभन्दा पृथक बनेको छ। गाउँ-गाउँमा गएर बिरामी पशुको उपचार गर्नु प्रसूती गराउनु उनको मुख्य काम हो। सामान्य बिरामीदेखी लिएर जटिल अवस्थाका रोगी पशुको उपचार गर्दै आएकी उनले अहिले खजुरगाछी, गौरीगञ्ज, जुरोपानी लगायतका १ दर्जन जति गा.वि.स.मा सेवा दिंदै आएकी छिन्। र, गाउँगाउँमा गएर बिरामी पशुलाई उपचार गर्नु दिनचर्या बनेको छ उनको।

स्नातकसम्म पढेकी अविवाहित पवित्राले नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) को ग्रामीण सामुदायिक पूर्वाधार तथा जीविकोपार्जन सहयोग कार्यक्रम अन्तरगत ग्रामीण पशु स्वास्थ्य कार्यक्रम तालिम मदन स्मृति प्रतिष्ठानमा लिएकी थिइन्। तालिमपछि सक्रिय रूपले यस क्षेत्रमा लागेको पनि ३ वर्ष बितिसकेको छ। कसैको पशु बिरामी पर्‍यो वा पशुले प्रसूती गराउन सकेन वा अन्य केही समस्या पर्‍यो भने उनलाई घरमै लिन आइपुग्छन् गाउँलेहरू। उनको एउटा साइकल छ, त्यसले नै सहयोग गरेको छ, उनलाई सेवा दिनको लागि। सामान्य महिलाले गर्नेभन्दा पृथक कार्य गर्ने चाहना अनुरूप यस पेसामा लागेको उनी बताउँछिन्। उनी दैनिक एक दर्जनभन्दा धेरै पशुको विविध उपचार गर्ने गर्दछिन्। अन्य कामभन्दा यो काम गाह्रो र अप्ठ्यारो भए पनि यही काममा रुचि लागेको हुनाले पेसाको रूपमा यसलाई अपनाएको कुरा उनी बताउँछिन्।

उनी झापा जिल्लाकै एक मात्र महिला पशु स्वास्थ्य कार्यकर्ता बन्न पाएकोमा हर्षित छिन्। आइमाईले यस्तो काम गर्ने हो भनेर सुरुमा धेरैले हतोत्साहित पारेको उनी सम्झिन्छिन्। तर मलाई मेरो अठोटले सफलता दियो, उनी भन्छिन्। यस कामले गाउँमा पहिचान मात्र दिएको नभएर घर व्यावहार चालाउन समेत आर्थिक रूपले मद्दत मिलेको बताउछिन्। सानैदेखि समाज सेवामा रुची भएकोले यो कामदेखि आफु सन्तुष्ट भएको उनी बताउँछिन्। सामन्य रूपमा घरमै चुलाचौका मात्र गरेर बस्ने होइन महिलाले पनि पुरुषले गर्ने काम गर्न सक्छन् भन्ने उदाहरण भएकी छिन् पवित्रा। जुरोपानी गा.वि.स.मा उनको पेसालाई बिस्तारै गाउँलेले हौसला मात्र होइन सहयोग पनि गर्न थालेका छन्। मुख्य गरेर पशुको प्रसूती गराउने काम कठिन भए पनि हालसम्म असफलता व्यहोर्नु नपरेको सुनाउँछिन्। पशुको कृतिम गर्वधारणदेखि लिएर बन्ध्याकरणसम्म गर्दै आएकी पवित्राले भविष्यमा पनि यस पेशालाई निरन्तरता दिने अठोट लिएकी छिन्।

यसैगरी अर्का कोरोबारी ५ का ३५ वर्षीय नन्दुलाल राजवंशीले पनि पशुडाक्टर बनेर गाँउ घरको सेवा दिनका साथै आफ्नो आर्थिक स्थितीमा पनि राम्रो सुधार ल्याउन सफल भएका छन्। उनले पनि पवित्रासँगै (आरआरएन) मार्फत् नै तालिम लिएका थिए। उनले कोरोबारी र आपपासका गा.वि.स.देखि लिएर सँगै जोडिएको छिमेकी राष्ट्र भारतको केही गाउँमा पनि सेवा दिंदै आएका छन्, एउटा साइकल लिएर र झोला भरि औषधि बोकेर उपचार दिन पाउँदा आनन्द हुनका साथै गुजरा पनि चलेको बताउँछन्। ●

# काउली जातका तरकारी बालीमा मलखाद व्यवस्थापन

अनन्त घिमिरे
आरआरएन, संखुवासभा

माटो बोटविरुवाको लागि खाद्यत्तत्व, हावा, चिस्यान र विरुवालाई अड्याएर राख्ने ठूलो माध्यम हो । यसमा विभिन्न कुहिएका जरा, प्राङ्गारिक पदार्थ, चट्टान, कार्वनिक र अकार्वनिक समिश्रण बनेका वस्तुहरूको योगदान छ । त्यसैले यी विभिन्न किसिमका समिश्रणहरूले माटोको उर्वराशक्ति दिगो राख्न सकिन्छ साथै त्यसबाट बढी उपज पनि लिन सकिन्छ । विभिन्न किसिमका तरकारी बालीहरूलाई विभिन्न किसिमको माटो र विभिन्न अनुपातमा प्राङ्गारिक तथा रासायनिक मलको आवश्यकता पर्दछ । काउली-बन्दा जातिका निम्न तरकारी बालीहरूलाई आवश्यक पर्ने मलखादको मात्र र प्रयोग गर्ने अवस्था यस प्रकार छ :

**१. काउली:**



हुन न त काउली खेती जुनसुकै माटोमा पनि गर्न सकिन्छ, तर मलिलो दोमट माटो यसको लागि अति उत्तम हुन्छ । काउलीमा खास गरी पातमा, फूल र पछि गएर डाँठको भित्र भागमा सुहाग तत्वको निकै नै समस्या भएको पाइन्छ । पात खुम्चिने, बाक्लो हुने फूल फुलेको भागमा कालो खैरो थोप्ला देखिने पछि गएर डाँठ खुकुलो हुने आदि लक्षण देखा पर्दछ । यस्तो अवस्थामा २०-२५ किलो ग्राम सुहाग मल प्रतिहेक्टर ( बोरेरक्स) राख्नु अति जरुरी हुन्छ । कृषकको अवस्थामा कम्पोष्टमल/गोबरमल २०-२५ टन, ४००-५०० किलोग्राम कम्प्लेक्स साल्ट, ८०-किलोग्राम म्यूरेट अफ पोटास/हेक्टर जग्गा तयारी गर्ने बेलामा राख्नु अति जरुरी हुन्छ । त्यसपछि बिरुवा हुर्किसकेपछि यूरियालाई टपड्रेसको रूपमा २ पटक राख्नुपर्दछ । यसका लागि ६० किलो ग्राम/हेक्टर यूरिया ४० दिनपछि दास्रो टपड्रेसको रूपमा राख्नु जरुरी हुन्छ ।

काउली लगाएको क्षेत्रमा हिवपटेल र खैरो रङ्गको फूल हुने आदि जस्ता केही फिज्योलोजिकल डिस-अर्डरहरू पनि देखा परेको पाइन्छ । यसको मुख्य कारण मोलिब्डेनम र सुहागतत्वको कमी हो । यसको उपचारको लागि मोलिब्डेनमको लागि सोडियम मोलिब्डेनमको लागि सोडियम मोलिब्डेट र सुहाग तत्वको लागि बोरेक्स मलखाद २० किलोग्राम/हेक्टर माटोमा प्रयोग गर्ने र १-२५ सुहाग झोल पातमा छर्नु जरुरी हुन्छ । सानो सानो बटन आकारको फूल हुने नाईट्रोजनको कमीले गर्दा हो । यसको लागि विचार गरेर आवश्यकताअनुसार मलखादको प्रयोग गर्दै जानुपर्दछ ।

**२. बन्दा:**

यो चिसो रुचाउने बाली हो । त्यसैले उच्च पहाडमा गर्मी सिजनमा पनि यो बाली राम्रै हुन्छ ।

बन्दा जस्तोसुकै माटोमा पनि हुनसक्छ तर अम्लीय माटोमा राम्रोसँग फस्टाउन सक्दैन । यसको राम्रो उत्पादनको लागि दोमट माटो राम्रो हुन्छ । नाईट्रोजन र पोटास यो बालीको लागि धेरै जरुरी हुन्छ । २०-२५ टन/हेक्टर कम्पोष्ट मल अथाव राम्रोसाग पाकेको गोवरमल साथै ७५-१०० किलोग्राम/हेक्टर नाईट्रोजन र पोटासको प्रयोग गर्नु राम्रो हुन्छ । साधारणतया नाइट्रोजनले बीउको उत्पादन बढाउँछ । कृषकहरूको अवस्थामा २० टन/हेक्टर कम्पोष्टको साथै ४००-५०० किलोग्राम कम्प्लेक्स मल जग्गाको तयारी गर्ने बेलामा र १५-२० दिन पछि ६० किलोग्राम यूरिया टपड्रेसको रूपमा र बाँकी ३५-४० दिनपछि ६० किलोग्राम/हेक्टर यूरिया दोस्रो टपड्रेसको रूपमा प्रयोग गर्नुपर्दछ । नेपालमा काउली र बन्दा लगाउने क्षेत्रमा सुहाग तत्वको निकै कमी हुने भएकोले काउली बालीमा भनेजस्तै अनुपातमा मिलाएर राख्नु जरुरी हुन्छ । करिब ९० दिनमा बन्दाको उत्पादन हुन्छ । साधारणतया १५-२५ टन/हेक्टर यसको उत्पादन हुन्छ । तर राम्रो अवस्थामा ५०-६० टन/हेक्टर पनि यसको उत्पादन लिन सकिन्छ ।

**३. ब्रोकाउली:**

यसलाइ पनि काउली बन्दाको जस्तै हावापानी चाहिन्छ, तर काउली जस्तो गरम खप्न सक्दैन । काउली र बन्दालाई यसमा पनि मोलिब्डेनम र सुहाग तत्वको आवश्यकता पर्दछ । त्यसैले माटो र पातमा मोलिब्बडेनम र सुहाग तत्वको प्रयोग गर्नु अति जरुरी हुन्छ । ३००-५०० किलोग्राम सुपर फस्फेट, १००-१५० किलोग्राम म्यूरेट अफ पोटास र १००-३०० किलोग्राम एमोनियम सल्फेट बाली लगाउनुभन्दा अगावै प्रयोग गर्नुपर्दछ । ब्रोकाउलीलाई बेला बेलामा धेरै दिनसम्म हार्भेष्टिङ्ग गरिन्छ । माथिको छिप्पिएको मुन्टा पहिला भाँचिन्छ र पछि पछि आएकालाई क्रमशः टिप्दै जानुपर्दछ । मुख्य मुन्टा टिपेपछि छेउछाउबाट पनि पलाउँदै आउँछ र त्यसलाई विस्तारै टिप्दै जानुपर्दछ ।

**४. गाँठ गोभी:**

जहाँ काउली हुन्छ, त्यस क्षेत्रमा गाँठगोभी पनि हुन्छ । तर दोमट प्राङ्गारिक पदार्थ बढी भएको माटोमा यो राम्रोसँग फस्टाउन सक्छ । प्राङ्गारिक तथा रासायनिक मलनको हकमा करिब २० टन कम्पोष्ट मल अथवा राम्रोसँग पाकेको गोबरमल साथै ४००-५०० किलो ग्राम कम्लेक्स मल/हेक्टर बाली रोप्ने बेलामा जरुरी हुन्छ र १५-२० दिनपछि ६० किलो ग्राम / हेक्टर यूरिया टपड्रेसको रूपमा प्रयोग गर्नुपर्दछ । काँचो गोवरमल प्रयोग गर्नाले बालीमा धमिरा र रातो कमिलाको प्रकोप पनि ज्यादा हुन्छ साथै रोगको प्रकोप पनि बढ्छ । ग्याँठगोभी २-३ इन्च बाक्लो डाँठ भएको बेलामा टिपे हुन्छ । यो अवस्थामा नटिपेपछि डाँठ साह्रै रेसादार भई छिप्पिन्छ र यसको कुनै स्वाद हुँदैन ।

**५.चाइनिज बन्दा:**

चीनमा यो धेरै प्रसिद्ध तरकारीको रूपमा लगाइने र यसको उत्पत्तिस्थान पनि चीनमा भएकोले यसलाई चाइनिज बन्दा भनिएको हो । यो चिसो बातावरणमा हुन्छ । गर्मीको ऋतुमा यो उच्च पहाडमा र जाडोमा यो मध्य पहाडमा हुन्छ । गर्मीमा हेड दिनुको सट्टा यसले फूल दिन्छ त्यसैले तराईमा यो त्यति उपयुक्त हुँदैन । हेड आउन थालेपछि नाईट्रोजनको साईड ड्रेसिङ्को रूपमा प्रयोग गर्नु जरुरी हुन्छ । कृषक स्तरमा १०-१२ टन पुरानो कुहिएको मल अथवा गोबरमलको साथै २५०-३०० किलोग्राम/हेक्टर कम्प्लिट मलखाद जग्गा तयारीको बेलामा राख्नु जरुरी हुन्छ र १ महिनापछि ६० किलोग्राम/हेक्टर यूरिया टपड्रेसको रूपमा प्रयोग गर्नु अति जरुरी हुन्छ । बन्दाको हेडको हकमा २ महिनापछि खानको लागि तयार हुन्छ र चाईनिज बन्दाको पात अलि नछिप्पिादै खानु पर्ने हुन्छ ।

# खानेपानी अभावबाट मुक्त भए जरुवासिद्ध पोखरीका जनताहरू

**अशोक बस्नेत**
आरआरएन, भोजपुर

पूर्वाञ्चल विकासक्षेत्र अर्न्तगत कोशी अंचलको ६ वटा जिल्ला मध्ये भोजपुर जिल्ला पनि एक हो। यस जिल्लाको फैलावट २६० ५० डिग्री उत्तरी अक्षांशदेखि २६० ४६ डिग्री उत्तरी अक्षांशसम्म फैलिएको छ। यसैगरी ८६० ५३ पूर्वी देशान्तरदेखि ८८० १७ पूर्वी देशान्तरसम्म रहेको छ। यस जिल्लाको कूल क्षेत्रफल १५०७ वर्ग किलोमिटर रहेको छ। उचाइको हिसाबमा यस जिल्लाभित्र १५३ मी. होचो हसनपुरदेखि लिएर ४१५३ मी. अग्लो सिलिचुङ्ग डाँडा रहेको छ। साल्पा पोखरी जस्तो पवित्र तीर्थस्थल पनि सिलिचुङ्ग डाँडाको फेदीमा यसै जिल्लामा अवस्थित छ।

भोजपुर जिल्लाका ६३ वटा गा.वि.स.हरू मध्येको एक चौकीडाँडा गा.वि.स. सदरमुकामबाट १४ कोश उत्तरमा अवस्थित छ। यस गा.वि.स.मा पुग्न सदरमुकामबाट ८/९ घण्टा समय लाग्दछ। यस गा.वि.स.को पूर्वमा कुलुङ्ग, पश्चिममा खाटम्बा, उत्तरमा सोलुखुम्बुको कुलुपुङको र दक्षिणमा कुदाककाउले र नेपालेडाँडा पर्दछन्। यस चौकिडाँडा गा.वि.स.भित्र पनि अति दुर्गम र पछाडि परेको गाउँ ताल वडा नं. ८ को जरुवासिद्ध पोखरी हो। यस क्षेत्रका बासिन्दाहरू अति गरीब, बिपन्न निम्न अवस्था तथा सामाजिक-आर्थिक रूपले ज्यादै पिछडिएका जनजातिहरूको बसोबास रहेको छ। यस बस्तीमा सबै तामाङ जातिका समुदायको बसोबास रहेको छ। यस बस्तीका मानिसहरू पानी खान नपाएर दिनको एकदेखि डेढ घण्टासम्म टाढाको बाटोबाट पानी ल्याएर खानु पर्ने बाध्यता थियो। उक्त पानी पनि सफा नभएर फोहोरका कारणबाट यस बस्तीका समुदायमा झाडापखाला, आउँ, डिसेन्ट्री आदि रोगको प्रकोपबाट ज्यादै प्रभावित हुँदै आएका थिए।

गत आर्थिक वर्ष ०६१/६२ मा स्थानीय समुदाय र नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) भोजपुरको संयुक्त पहलमा यस बस्तीमा निर्मित मुनाले मुहान खानेपानीको निर्माणपश्चात् यस गाउँका जनताले शुद्ध खानेपानी पिउन पाएका छन्। यस योजनाको कूल निर्माण लागत रु. ९३५६६६/०० रहेको छ। जसमा आरआरएन भोजपुरको तर्फबाट रु. ४७८६१७/४० र समुदायको तर्फबाट रु. ४५७०४८/६० रहेको छ। यस योजनाबाट यस क्षेत्रका २५ घर परिवार लाभान्वित भएका छन्। जसमा महिला ६३ जना तथा पुरुष ६९ जना गरी जम्मा १४३ जना रहेका छन्। यो योजना निर्माण गर्नको लागि यहाँका समुदाय स्वयं लागेर सम्पूर्ण कार्य सफलताका साथ सम्पन्न गरेका छन्। यस योजनाका संरचनाहरूमा मुहान टंकी-१, वि.पि.टि.-४, रिजर्भ टंकी-२ (१ घ.मी.), धारा संख्या-७ र ४४४० मी. विभिन्न साइजका पाइपहरू रहेका छन्।

यस योजनाको भौतिक संरचनाको निर्माण कार्य, तुम्लिङ्गटारदेखि योजनास्थलसम्म मालसमान ढुवानी गर्ने कार्यमा यहाँका उपभोक्ता स्वयं आफै लागेर श्रम लगानी गरी सम्पन्न गरेका छन्। यस योजनाका समुदायले निकै सक्रियता र सहभागितात्मक रूपमा यस योजनाको निर्माण सम्पन्नता गरी योजनाको सम्पूर्ण मर्मत संभार र संचालन समेतको जिम्मेवारी लिएका छन्। ●

# एकल महिलाहरूले पुनर्जीवन पाए

भरत कुसुवार
कार्यक्रम अधिकृत, मोरङ

विश्व २१ औ शताब्दीमा आई पुग्दा पनि नेपाली समाजमा पछाडि परेका वर्ग भनेर चिनिने एकल महिला, दलित जनजातिहरूको समस्या अझै विद्यमान छ । पछाडि परेका वर्गहरूलाई समाहिकरणको मूल प्रवाहमा ल्याउनका लागि आज पनि राज्य र नागरिक समाजले आरक्षण, चेतना र समविकास र महिला सशक्तिकरणाका कुरा गर्नुपर्ने तितो सत्य हाम्रो साम् विद्यमान छ ।

राज्यको आधा आकाश ओगटेर बसेका महिलाहरूलाई दोस्रो दर्जाको रूपमा हेरिन्छ । अझ सानै उमेरमा विवाहपश्चात् श्रीमान्को मृत्यु भएर एकल महिला हुन पुगेकी महिलालाई भने तेस्रो दर्जा अथवा विधुवाको रूपमा हेर्ने गरिन्छ । महिलालाई पुरुषसरह समानरूपमा अगाडि बढाउनका लागि महिलामुखी कार्यक्रमहरू संचालन गरी उनीहरूलाई सशक्तिकरण गर्ने क्रममा आरआरएनले विगत १६ वर्षदेखि सक्रिय रूपमा आफ्ना कार्यक्रमहरू संचालन गर्दै आएको छ । यसै क्रममा विश्व शिक्षाको आर्थिक सहयोगमा पूर्वी क्षेत्रीय कार्यालय अन्तरगत मोरङ र झापा जिल्लामा संचालन भएको जीवन र जीविका कार्यक्रमको सक्रिय प्रयासमा झापा जिल्लामा र मोरङ जिल्लाको विभिन्न गाविस, नापाहरूमा आरआरएन दमक शाखाले द्वन्द्व पीडित एकल महिलाहरूको आधारभूत सर्वेक्षण गरी जम्मा २९ जना एकल महिलाहरूलाई ५ दिने जीविकोपार्जन तालिम दिन सफल भएको छ । आधारभूत सर्वेक्षणमा धेरै एकल महिलाहरू बेसाहारा रूपमा रुमल्लिरहेको पाइए तापनि तीमध्ये २९ जना एकल महिलाहरूलाई ५ दिने जीविकोपार्जन तालिमपश्चात् तालिममा सिकेका जोस, जाँगर, हौसला सीप र क्षमता हेरेर संस्थाले जीविकोपार्जनका लागि प्रतिव्यक्ति रु. ५६०३ रुपैयाँको दरले अनुदान रकम उपलब्ध गराएको छ । सो अनुदान रकम जम्मा २९ जना एकल महिलाहरूले नै आ-आफ्नो क्षेत्रमा गर्न सक्ने खालको व्यवसाय छनौट गरी आ-आफ्नो व्यवसाय संचालन गर्दै आउनु भएको छ ।

सोही व्यवसाय गर्ने क्रममा झापा जिल्ला दमक न.पा. वार्ड नं. १ बस्ने २७ औं वसन्त पार गरेकी आशा कुमाल विगत ५ वर्ष अगाडि आफ्नो श्रीमान द्वन्द्वका कारणबाट गुमाउन पुगेकी थिइन् । हाल उनका साथ २ छोरी र उनी समेत ३ जनाको परिवार भएकाले निजलाई दैनिक जीविकोपार्जन गर्न साथै २ नाबालक बालबालिकाको लागि शिक्षा, स्वास्थ्य जस्ता संम्बेदनशील विषयको लागि नजिकैको कपडा उद्योगमा काम गर्न बाध्य भइन् । उनले काम गर्ने ठाउँमा मासिक रु. ३००० मात्र उनले पाउने गर्दथिन् । तर उनको २ नाबालक छोरी र आफू समेतलाई सो ३००० ले जीविकोपार्जन गर्न धौ धौ परेको कारणले उनले आफ्नो २ छोरीहरूलाई कृश्चियन धर्मको चर्च चितवन जिल्लामा शिक्षाको लागि पठाउन बाध्य भएकी थिइन् । हाल उनको नाबालक २ छोरी चर्चले नै पढाउदै आएको छ ।

जिन्दगीको दौडानमा उनलाई आर.आर.एन. संस्थाले आफ्नै घरमा खोजी गर्दै आएर तालिम दिलाई जीविकोपार्जन व्यवसाय गर्नको लागि नगद समेत अनुदान गरेकोले उनले आफ्नो मृत्यु भएको श्रीमान् बिउँझेको महशुस गरेकी छिन् । किनकी उनले हाल संस्थाबाट पाएको सहयोग अनुदान रकमले आफ्नै घरमा कपडा बुन्ने मेसिन खरिद गरी आफ्नै घरमा बसी बसी आफूमा भएको सीपलाई सदुपयोग गर्न थालेकी छिन् । उनले विगत ५ वर्ष अगाडिदेखि साहुकोमा काम गर्दै आएकी थिइन् । उनले साहुकोमा दैनिक १२ घण्टा काम गर्दा मासिक रु ३००० हजार कमाउने गर्दथिइन् भने हाल उनी आफ्नै घरमा दैनिक ८ घण्टा काम गर्दा मासिक रु ६००० हजार कमाउन थालेकी छिन् । उनले उत्पादन गरेका साडी, वर्की, सर्ट, कुर्था-सुरुवाल, टाई आदि हुन् । सामानहरू उत्पादन

हुनुपूर्व नै ग्राहकहरू आफ्नै घरमा आउने र सामान खरिद गर्ने गर्दछन् र अगाडि नै धेरै सामानहरूको अडर समेत आउने गरेकोले उनी आफ्नो व्यवसायप्रति आफू सन्तुष्ट भएकी छिन् । उनी क्रमशः आफ्नो व्यवसाय बढाउँदै लैजान र आफ्ना छोरीहरूलाई कृस्चियन धर्मको चर्च चितवन जिल्लाबाट फिर्ता गराई आफूसँगै राखी शिक्षा दिलाउन सक्ने जोस जाँगर, आँट र हौसला बढेको छ। यो जोस जाँगर, आँट र हौसला बढाउनमा ममा सीप भएतापनि एकल महिला भएको कारणबाट म निराश भई रुमल्लिएको अवस्थामा पुनः आर.आर.एन. संस्थाबाट नयाँ जीवनको शुरुवात गर्ने अवसर पाएकी छु । यो अवसरलाई मैले निरन्तरता दिने प्रतिबद्धता गर्दछु। यो अवसरले मेरो जीवनमा जीविकोपार्जन क्रियाकलापमा सहयोग पुराउने आशा छ। अत्यमा आर.आर.एन संस्थाले म र म जस्ता एकल महिलाहरूको वास्तविक समस्याहरूलाई बुझी दिएकोमा म धेरै धेरै धन्यवाद दिन चाहान्छु र संस्थाको उत्तरोउत्तर प्रगति होस् भन्दै शुभकामना दिन चाहान्छु' उनी भन्छिन् । ●

# ग्रामीण पुनर्निर्माणको सिद्धान्त

- **ग्रामीण किसानहरू माझ पुगौं**
- **ग्रामीण किसानसँगै मिली बसौं**
- **ग्रामीण किसानहरूबाट सिकौं, बुझौं**
- **ग्रामीण किसानहरूसँग मिलेर योजना तर्जुमा गरौं**
- **ग्रामीण किसानहरूसँगै कार्यान्वयनमा जुटौं**
- **ग्रामीण जुक्तिबाट प्रारम्भ गरौं, स्थानीय स्रोतको परिचालन गरौं**
- **उदाहरण दिई सिकाऔं, प्रयोग गरी सिकौं**
- **देखावटी उदाहरण होइन, क्रमबद्धता अपनाऔं**
- **एकाङ्की पाइला नचालौं, एकीकृत पाइला चालौं**
- **समस्याको समाधान मात्र होइन, जीवनशैलीको विकास गरौं**
- **भोकको तृप्ति होइन, जीउने जुक्ति खोजौं ।**

# व्यवस्थित पशुपालन आय स्रोतको एक उपाय

रबिन तामाङ
परिचालक, संखुवासभा तुम्लिङ्टार

**परिचय**

नश्ल सुधार गरी पशुहरूलाई व्यवस्थित तरिकाले पालन पोषण गर्ने पद्धति व्यवस्थित पशुपालन हो ।

व्यस्थित भन्नाले-

- उचित मात्रामा दानाको प्रबन्ध
- गोठ खोर सरसफाइमा ध्यान
- हरियो तथा खुख्खा घाँस व्यवस्था
- समय समयमा स्वास्थ्य उपचारको व्यवस्था

**सन्तुलित आहार किन ?**

- शारीरिक बृद्धि विकासका लागि
- उत्पादनमा बृद्धि गर्ने
- शारीरिक प्रक्रिया पूरा गर्न (आवश्यक पौष्टिक तत्व भएको आहारा बारे बुझाउँछ )

**आवश्यक तत्वको काम के त ?**

- कार्बोहाइट्रेड (शक्ति दिनको लागि)
- प्रोटिन ( मांसपेशी बन्नको लागि)
- चिल्लो पदार्थ (शक्ति दिनको लागि)
- खनिज पदार्थ (तन्दुरुस्तिका लागि)
- भिटामिन (तन्दुरुस्तिका लागि)
- पानी (शारीरिक प्रक्रियाका लागि)

यी सबै किसिमका तत्वहरू पूरा आहारमा समावेश हुन जरुरी छ र मात्रा भने पूरा अवस्था र उद्देश्य अनुसारले फरक हुने गर्छ । यसकारण बढी वा कमी भएमा राम्रो नहुने हुँदा प्राविधिकको सल्लाह लिन जरुरी छ ।

- पशु व्याउने भएको छ महिना पुगेपछि थप दाना र प्रशस्त हरियो घाँस खुवाउनु पर्छ ।
- डाले घाँस भुँई घासको लागि नर्सरी व्यवस्थापन गर्ने ।
- डाले घाँस भुई घाँसका साथै, साइलेज, हे, परालमा युरिया उपचार गरी पशुहरूलाई खुवाउनु पर्दछ ।

**गोठको व्यवस्थापन तथा सरसफाई**

- भुँईभन्दा गोठको सतह केही अग्लो हुनुपर्दछ, जसले गर्दा पानी, मल, मुत्र सजिलै बगेर जाओस् ।
- मलमुत्र बगेर जानको लागि गोठको छेउतिर सानो कुलो बनाउनु पर्छ ।
- गोठमा दुर्गन्ध हुन नदिन मल थुपार्ने खाडल गोठभन्दा केही पर बनाई हरेक दिनको मल त्यही लगेर जम्मा गर्नु पर्छ ।
- गोठमा घाँस तथा दाना पानी दिने भाँडो तथा त्यसको बनावट उचित स्थान र उचाईमा राख्नुपर्छ यसले गर्दा पशुले दाना घाँस पोख्न पाउँदैन ।
- स्वच्छ हावा आवत-जावातको लागि गोठमा आवश्यक स्थान र संख्यामा झ्याल ढोकाको व्यवस्था गर्नु पर्छ ।
- गर्मी ठाउँमा गोठ बनाउँदा उत्तरी मोहोडा र जाडो ठाउँमा गोठ बनाउँदा दक्षिणी मोहोडा फर्काएर बनाउनु पर्दछ ।
- गोठको क्षमताभन्दा बढी पशुहरू गोठमा राख्नु हुँदैन ।
- गोठलाई प्रत्येक दिन सफा राख्नु पर्दछ ।
- पशुलाई दानापानी दिने भाँडा नियमित सफा गर्नु पर्दछ ।
- गोठ खोरको प्रवेशद्वारमा चुनाको व्यवस्था मिलाउने

- अनावश्यक मानिस, अन्य जंगली जनावरलाई गोठ खोरमा पस्न दिनु हुदैन ।

**पशु प्रजनन व्यवस्थापन**

पशु उत्पादन क्षमतामा बंशानुगत गुणको ठूलो महत्व छ । तसर्थ आफूले उत्पादन गर्ने पशु बस्तुहरूको बंशानुगत गुणमा ह्रास आउन नदिन विशेष ध्यान दिनु पर्दछ । यसका लागि कम उत्पादक पशुको भालेबाट बाली नलगाउने । नजिकको सम्बन्ध रहेको पशुको साढेबाट बाली नलगाउने ५० देखि ७५५ रक्त गुण राम्रो हुने भएकोले उन्नत पशु पाल्नुभन्दा मिश्रित प्रजनन् गराई पशुपालन गर्नु राम्रो हुन्छ ।

**पशु रोग व्यवस्थापन**

पशुहरूलाई रोग लाग्नबाट बचाउन स्थानीय रूपमा देखिने रोगहरू जस्तै :- भ्यागुते, चरचरे, खोरेत, गौगोटी, जस्ता रोग विरुद्ध समयमै खोप लगाउनु राम्रो हुन्छ । आन्तरिक परजीवी विरुद्ध औषधी ६।६ महिनामा खुवाइरहने गर्नु पर्छ साथै बाहिरी परजीवीविरुद्ध समय-समयमा विषादि प्रयोग गर्नु पर्दछ । विरामी पशुलाई छुट्याएर राख्ने र नयाँ खरिद गरी ल्याएको पशुलाई कम्तिमा १ महिना अलगै राखी आवश्यक खोपहरू लगाउनु पर्छ ।

**अभिलेख राख्ने**

यसमा पशुहरूको ३ पुस्ताको अभिलेख, जस्तै पशुको उमेर बेत, उत्पादन, रोगको प्रकोप, उपचारको व्यवस्था, पशुको जात, प्रजननसम्बन्धी जानकारी लगानी र आम्दानी आदिको अभिलेख राख्न जरुरी छ । साथै गोठ निर्माण गर्ने तरिका पशु बन्ध्याकरण, पाडा (पाडी र वाच्छा, बाच्छी, पाठापाठी छुट्याउने, सिङ्ग काट्ने, खुर काट्ने आदि कार्यहरूमा विशेष ध्यान पुऱ्याउन जरुरी छ ।

| क्र.सं. | भ्याक्सिनको नाम | प्रयोग अवधि |
|---|---|---|
| १. | खोरेत | ३ महिना प्रथम पटक |
| | | ३ महिना द्रोस्रो पटक |
| २. | भ्यागुते | वर्षा शुरु हुनु अघि १ पटक |
| ३. | चुरचरे | वर्षा शुरु हुनु अघि १ पटक |
| ४. | गौगटी | प्रत्येक ६ महिनामा १ पटक |
| ५. | धनुष्टंकार | चोट पटक लागेपीछ एक पटक |

माथि उल्लेखित विषयमा ध्यान, विचार र परामर्श लिने पशु बस्तुपालन व्यवस्थित गरेको खण्डमा आफूले सोचेको उद्देश्य प्राप्त गर्नुका साथै आय आर्जनमा बृद्धि भई जीवन स्तर माथि उकासिनुका साथै आधुनिक पशुपालनको विकास भई पशुपालन व्यवसायले फस्टाउने अवसर पाउनेछ साथै यो व्यवसाय लोकप्रिय हुदै जानेछ । त्यसैले भनिन्छ व्यवस्थित पशुपालन नै आय स्रोतको सही उपाय भन्ने भनाइ अत्युक्ति नबन्ला । ●

## आरआरएन दृढ विश्वास गर्दछ :

- नेपालजस्ता मुलुकका ग्रामीण गरिबहरुले गरिबी, अज्ञानता, रोग र नागरिक उदासिनताजस्ता चार आधारभूत तथा अन्तरनिहीत समस्याहरूको सामना गर्नुपरेको छ ।
- जबसम्म ग्रामीण गरिब आफ्ना आधारभूत समस्याहरू पहिचान गरी हल गर्न सक्दैनन् र आफ्नो जीवनस्तरलाई समाजको अन्य वर्गको बराबरीमा पुऱ्याउन सक्दैनन्, तबसम्म सामाजिक शान्ति अप्राप्य सपना मात्र हुनेछ, किनकी ग्रामीण गरिबले विश्वको दुई तिहाई जनसंख्या ओगटेका छन् ।

# समूहः के, किन र कसरी चलाउने ? एक जानकारी

दीप बहादुर राई
सामाजिक परिचालक

यो संसारमा मानिसको सृष्टि भए पछि धेरै वर्षसम्म पनि पशु जस्तै जंगली नै थिए । जंगलमा फिरन्ते जीवन बिताउथे । उनीहरूको आहारा भनेको जंगलका कन्दमूल र जंगली जनावरको सिकार हुन्थ्यो भने बास ओढार, गुफाहरूमा बसेर निर्वाह गर्थे, त्यही पनि जहाँ रात पऱ्यो त्यही बास हुन्थ्यो । यसरी जंगलमा एक्लै एक्लै घुमिहिंड्दा बाघ, भालु, आदि डरलाग्दा जंगली हिंस्रक जनावरको ठूलो डर हुन्थ्यो । त्यसैले उनीहरू एक समूह भएर हिंड्थे तर त्यतिखेर उनीहरू समूह भन्न जान्दैनथे हुल भन्थे, बथान भन्थे । हुँदा हुँदा धेरै पछि उनीहरूले खेती गर्न र कुटी बनाएर बस्न पनि सिके । त्यसपछि बल्ल खेती हुने ठाउँ र बस्न सजिलो जग्गा छानेर फडानी गरी बसोबास गरी बस्न थाले । त्यतिखेर हुल भन्ने समूह थियो तर त्यति राम्रो थिएन, नीति नियम बनाएकै थिएन । बाँदरको बथान जस्तो मात्र थियो । एक आपसमा सहयोग गर्नुपर्छ, एकता कायम गर्नु पर्छ, भन्ने कुरा थाहा थिएन । त्यसैले उनीहरू आफूखुशी जे मन लाग्यो त्यही गर्ने, बलियाले कमजोरीलाई हेप्ने, पिट्ने, लुट्ने, खोस्ने लखेट्ने जे पनि गर्थे । नियम कानुन नभए पछि के को डर ? उता डरलाग्दा जंगली जनावरहरूको डर त छँदै थियो । अर्कोतिर जंगली गाई, मृग, अर्ना, हरिण बाँदर, दुम्सी आदिले बालीनाली नष्ट गरिदिनाले सबै मनिस हैरान भए । त्यसकारण लौ अब यो पाराले हुँदैन, मिलीजुली बस्नु पर्छ, समूह बनाउनु पर्छ, समूहमा बस्नु पर्दो रहेछ भन्ने ज्ञान पलायो । त्यसपछि समूह बनाए, बलियाले कमजोरलाई हेप्न नपाइने जस्ता सामान्य नीति नियम पनि बनाए । तर त्यसबेला पनि समूह भन्न जानेका थिएनन्, समाज भन्थे । यसरी समूहमा बसेपछि जंगली जनावरबाट पनि सुरक्षित भए बलियाले कमजोरलाई हेप्न पनि छाडे । अप्ठ्यारा र सारोगारो पर्दा सबै मिली हल गर्थे । एक दिन एउटाको काम सबै मिली गर्थे अर्को दिन अर्काको काम सबै मिली गर्थे । यस्तो चलन लाई पर्म भन्न थाले । अहिलेसम्म पनि पर्म भन्ने र समाज भन्ने चलन छँदैछ । यसरी समूहमा बसेपछि उनीहरूले धेरै फाइदा पाए । सुखी भएर आनन्दको जीवन विताउन थाले । समूहबाट कोही पनि अलग भएर बस्न चाहँदैन । त्यो कुरा आजसम्म पनि चल्दै छ ।

यो संसारमा सृष्टि भएको कुनै पनि वस्तु सँधै एकनास रहिरहँदैनन्, परिर्वतन भइरहन्छन् । जब मानिस यसरी समूह बनाएर आन्दपूर्वक बस्दै थिए । परिवर्तन आएको कारण त्यहाँ पनि दुःख हुन थाल्यो । मानिसको संख्या बढ्दै गयो । यो पृथ्वीलाई धान्न गारो हुन थाल्यो । पहिले पहिले नपढ्दा पनि हुन्थ्यो, अब नपढी नहुने भयो । रोग, भोक, गरिबी, अभाव, अन्याय-अत्याचार हेपाई बढ्दै गयो । मानिस मानिस बीच झैझगडा, राजनीति, खिचातानी, दाउपेच, रिस, डाहा आदिको चर्को होडबाजी चर्किन थाल्यो, मानिसहरू भ्रष्ट भए । त्यसैले एउटै समाजमा कोही ठूला, कोही साना, कोही धनी, कोही गरीब, कोही उच्च जात कोही नीच जात, पानी चल्ने र नचल्ने छुट्याउन थाले । यी सारा अधर्म, पाप, अपराध जस्ता कुकर्महरूबाट छुटकारा पाउन मानिसहरू उपाय सोच्न थाले । अन्त्यमा समूह बनाउनु पर्छ भन्ने एक जुक्ति निकाले । पहिले समाज भनिनेलाई अब समूह बनाउने । समाजमा नीतिनियम लेखेर राखेका थिएनन् समूहमा नीति नियम लेखेर राख्ने, नाम राख्दैनथे नाम राख्ने समूहले जे जे काम गर्छ, सबै लेखेर राख्ने छलफल गरेर निर्णय गर्ने, बचत गर्ने, जसको कारण समूहमा कोही साना ठूला हुदैनन् । सबैको विचार सुनिन्छ । समूहको नियम नमानेमा र बद्मासी गरेमा समूहले कारवाही गर्छ, समूहमा धेरै ज्ञानगुनका कुरा सिकिन्छ, तालिम लिइन्छ । सानातिना सामाजिक काम समूहले गर्छ, त्यसो हुँदा मानिसको सामाजिक, आर्थिक, बौद्धिक भौतिक आदि चौतर्फी विकास हुन्छ । त्यसैले आजभोलि संसारभरि यो समूह बनाउने चलन लोकप्रिय भई फैलिएको छ । अब हाम्रो गाउँ ठाउँमा पनि यो चलन आई पुगीसकेको छ । अब हामीले के

बुझ्नु परयो भने पहिले पहिले मानिसले जुन तरिकाले जीवन बिताउथे, जुन कुरा सोंच्थे, जस्तो पाराले काम कुरा र खेतीपाती चालचलन गर्थे, अब यतिधेरै परिर्वतन आई सक्दा पनि ती पुराना मान्यता, अन्धविश्वास र रुढीवादी परम्परामा अल्मलीई राहने हो र ? सोचौं, केही त पक्कै पनि परिर्वतन हुन पऱ्यो । यो कुरा बुझाउन र सिकाउन हाम्रो देशमा पनि आरआरएन लगायत यस्तै अन्य थुप्रै सरकारी र गैरसरकारी संघ संस्थाहरूले सहयोग गरिरहेका छन् । यस संखुवासभा जिल्लामा पनि महिलाहरू समूहमा पसेर धेरै अगाडि बढी सकेका छन् जुन कुराहरू यस अरुण उपत्याका सन्देश भन्ने पत्रिकामा तपाईहरूले पढि रहनु भएकै होला ।

आर.आर.एनले सहयोग गरिरहेका महिला समुदायहरू अगाडि बढ्नमा मुख्य निम्न कारणहरू छन् :

१) बैठकमा समूहका सबै सदस्यहरू उपस्थित भई छलफल गरेकाले ।

२) सबै सदस्यहरूले नियमित रूपमा बचत गर्नाले ।

३) समूहका सबै सदस्यहरूले बोल्ने मौका पाएकाले र सबैको विचार समान रूपमा लिइएकाले ।

४) समूहको नीति नियममा सबैलाई सहभागी गराइएकोले ।

५) समूहको हिसाब आर्थिक कारोबार पारदर्शी र छर्लङग हुने गरी राखेकोले र हिसाब सबै मिलेर गरेकोले ।

६) कुनै निर्णय गर्दा पनि सबै सदस्य मिली छलफल गरेर मात्र निर्णय गर्ने गरेकोले ।

७) जे उद्देश्यको लागि ऋण लिन्छन् त्यहि उद्देश्यमा रकम लगाएकोले र भाकामा ऋण तिरेकाले ।

८) सामाजिक परिचालकहरूले नियमित रूपमा समूहलाई सहयोग गरिरहेकाले ।

जुनसुकै समूहले पनि यी माथिका बुँदाहरूलाई राम्रोसँग पालन गरेमा त्यो समूह अवश्य पनि सफल हुनेछन्, यसमा कुनै सन्देश छैन । यी बाहेक समूह र समाजलाई सफल बनाउन यी तलका कुराहरूमा ध्यान दिए अझ राम्रो हुनेछ -

१) बैठकमा कम उपस्थिति हुने बानी बसाउनु हुँदैन । यो लापार्बाही हो । एकदुई पटक बानी बस्यो भने सँधैलाई बानी बस्छ । त्यसैले समूहमा छलफल गरी यो कसरी सुधार्ने हो तत्काल सुधार ल्याई हाल्नु पर्छ ।

२) नीतिनियम बनाउँदा धेरै विचार पुऱ्याउनु पर्छ । हतारमा बनाउनु हुदैन । सबै जनाको विचार राख्नु पर्छ । जतिबेला चाहियो त्यतिबेला बनाउन हुँदैन । पहिले नै बनाएर तयार गर्नुपर्छ । धेरै कडा बनाएमा र एक दुई जनाले जबरजस्ती बनाएमा सुरु सुरुमा अप्ठ्यारो मानी पालन गरेपनि विस्तारै पछि पालन गर्न छोडेर समूह छाड्ने र चासो दिन छोड्छन् ।

३) बचतकर्ताको व्याज कति भयो र लाभांश कति भयो वर्षै पिच्छे सबै सदस्यहरूलाई सुनाइरहनु पर्छ ।

४) बेला-बेलामा सामाजिक कार्य गरिरहनु पर्छ, त्यसले गर्दा मानिसहरूले समूहलाई ठूलो इज्जत र सम्मान गर्छन, सहयोग गर्छन् । संघ संस्थाहरूले विश्वास गर्छन् । समूह सदस्यहरूलाई पनि फाइदा हुन्छ ।

५) समूहलाई आएको सहयोग र फाइदाहरू सबभन्दा पहिले र सबैभन्दा बढी समूहका अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा ठूला र बाठाले लिने अनि पछि थोरै अरुलाई दिनु हुदैन ।

६) ऋण दिंदा कुन उद्देश्यले लिएको हो, त्यही काममा लगायो कि लगाएन भनी बढो चनाखो भई हेर्नु पर्छ र सकेसम्म आयमूलक व्यावसाय गर्नेलाई मात्र दिनु र लिनु पर्छ ।

७) अध्यक्ष, सचिव, कोषाध्यक्षले आफू नभएको बेला पनि समूह चलाउन अरु २/२ जनालाई आफ्नो काम सिकाएर आफूले जस्तै गर्न सक्ने बनाइराख्नुपर्छ ।

८) निर्णय गर्दा सकेसम्म सर्वसम्मत निर्णय गर्नु पर्छ । १/२ जनाको कर र ढिपीले निर्णय गरेमा सुरु सुरुमा उही १/२ जनाको बलले समूह चलेपनि विस्तारै सदस्यहरू निसक्रिय हुने निर्णय पालना नगर्ने भई समूह लथालिङ्ग हुन पुग्छ । ●

# अनौपचारिक शिक्षा र यसको महत्व

उमेश भारती
आर.आर.एन, सोलुखुम्बु ।

सन् २०१५ सम्ममा सबै ठाउँका सबै बालबलिकाहरूले प्राथमिक शिक्षाको सम्पूर्ण पढाई पूरा गर्न पाउने कुरा सुनिश्चित गर्ने र विश्वबाट नै निरक्षरता उन्मुलन गर्ने उद्देश्य लिइएको आठ वटा सहस्राब्दी विकास लक्ष्यहरू मध्ये माथिका कुराहरू लक्ष्य नं २ अन्तर्गत पर्दछन् । खासगरी शिक्षामा महिलालाई सशक्त पार्ने यसै लक्ष्य अन्तर्गत पर्दछ । विश्वमा व्याप्त अशिक्षा, गरिबी, असमानता, वातावरणीय ह्रास, युद्ध र अशान्तिका सन्दर्भमा सन् २००० को सेप्टेम्बर महिनामा संयुक्त राष्ट्र संघद्वारा विकास शिखर सम्मेलनको अयोजना गरिएको थियो । सो शिखर सम्मेलनबाट घोषित सहस्राब्दी घोषणा पत्रलाई नेपाल लगायत विश्वका १८९ राष्ट्रहरूले आ-आफ्नो राज्यका तर्फबाट अथक प्रयास गर्ने प्रतिबद्धता जाहेर गरेका छन् ।

नेपाल जस्तो अल्पविकसित राष्ट्र जहाँ कूल जनसंख्याको साक्षरता प्रतिशत ५३.७ मात्र छ, अझै यहाँका ५७.५ प्रतिशत महिला र ३४.९ प्रतिशत पुरुषहरू निरक्षर छन् भने वर्तमान सशस्त्र द्वन्द्वको कारणले प्राथमिक तहको शिक्षा नै पुरा नगरी बीचैमा पढाइ छोड्ने बालबालिकाहरूको संख्या उल्लेख्य मात्रामा रहेको पाइन्छ । यसर्थ मानव विकास लक्ष्य तथा सहस्राब्दि लक्ष्यहरू पूरा गर्नको निमित औपचारिक शिक्षा, श्री ५ को सरकारले मात्र पूरा गर्न सम्भव छैन, जसका लागि अनौपचारिक शिक्षा, गैरसरकारी संघ संस्थाहरूको भूमिका महत्वपूर्ण हुन्छ ।

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आर.आर.एन) ले औपचारिक र अनौपचारिक शिक्षाको क्षेत्रमा विगतदेखि नै देशका विभिन्न क्षेत्रमा प्रभावकारी कार्यक्रम संचालन गर्दै आइरहेको छ । हाल यसले मुख्य रूपमा विश्व शिक्षाको सहयोगमा 'उज्यालो भविष्यतिर' र 'असहाय बालबालिकाको लागि जीवन र जीविका' कार्यक्रम संचालन भईरहेका छन् । हाल वैकल्पिक प्राथमिक शिक्षाको रूपमा संचालित FSP (Flexible Schooling Programme) कार्यक्रम असहाय बालबालिकाका लागि जीवन र जीविका कार्यक्रम अन्तरगत संखुवासभा, भोजपुर, सुर्खेत र दैलेख जिल्लामा यसै शैक्षिक सत्रदेखि उक्त कार्यक्रमअवधि सम्पन्न भई सहभागिहरूलाई सम्बन्धित मातृविद्यालयहरूमा कक्षा ५ को अन्तिम परिक्षामा सामेल गराइँदै छ ।

पाँच जिल्लामा संचालित छ वटा कक्षाका करिब १०८ जना सहभागीहरू, जो गरीब, वर्तमान द्वन्द्वको कारणले विस्थापित, टुहुरा तथा पछाडि पारिएका वर्गका ८ देखि १४ बर्ष उमेर समूहका बालबालिकाहरूलाई विद्यालय शिक्षाको मूलधारमा फर्की औपचारिक विद्यालयमा अध्ययन गराइने छ ।

**अनौपचारिक शिक्षा भनेको के हो ?**

अनौपचारिक क्षेत्र विद्यालयमा समाहित नभएका विभिन्न उमेर समूहका बालबालिका, युवायुवती र बृद्ध बद्धाहरूलाई उमेरगत समूह बनाई निश्चत अवधिसम्म आफ्नै गाउँ ठाउँमा पढाइने शिक्षालाई अनौपचारिक शिक्षा भनेर व्याख्या गर्न सकिन्छ । औपचारिक शिक्षाले नसमेटेको शिक्षा पनि समेटेको अनौपचारिक शिक्षा एउटा खुल्ला शिक्षा पनि हो ।

**अनौपचारिक शिक्षाका प्रकारहरू :**

मूलतः कार्यक्रमको हिसाबले अनौपचारिक शिक्षालाई २ प्रकारमा बाँडन सकिन्छ जस्तै,

क) बैकल्पिक शिक्षा कार्यक्रमको रूपमा

ख) साक्षरोत्तर कार्यक्रमको रूपमा

**क) वैकल्पिक शिक्षा कार्यक्रमका रूपमा** : शिक्षाको मूलधारमा फर्काउने उद्देश्य राखी

वैकल्पिक शिक्षा कार्यक्रम संचालन गरिएको हो र यस कार्यक्रम अन्तरगत :

**1 ECD कक्षा ( Early child hood )**

यस कक्षामा ३ देखि ५ वर्ष उमेर समूहका केटाकेटीहरूलाई सामेल गराइन्छ । यो कक्षा संचालनको मूल उद्देश्य भनेको विद्यालय जान तयारी गर्नु यो कक्षा वर्षैभरि संचालन भइरहन्छ ।

## 2 OSP कक्षा (Out of School Programme)

यस कक्षामा ६ देखि ८ वर्ष उमेर समूहका केटाकेटीहरूलाई सामेल गराइन्छ । यो ३ वर्षे कार्यक्रम हो र यस कक्षाको मूल उद्देश्य आधारभूत शिक्षा याने कि कक्षा ३ सम्मको शिक्षा दिनु हो । यस कक्षा सम्पन्न पश्चात् सहभागीहरूलाई मातृविद्यालयको कक्षा ३ को अन्तिम परीक्षामा सामेल गराइन्छ ।

**3 FSP कक्षा (Flexible Schooling Programme)**

यस कक्षामा ८ देखि १४ वर्ष उमेर समूहका केटाकेटीहरूलाई सामेल गराइन्छ । यो ३ वर्षे कार्यक्रमको मूल उद्देश्य भनेको प्राथमिक तहको शिक्षा दिनु हो । कक्षा संचालन पूरा भएपछि सहभागीहरूलाई सम्बन्धित मातृविद्यालयको कक्षा ५ को अन्तिम परिक्षामा सहभागी गराई औपचारिक शिक्षामा सामेल गराइन्छ ।

**ख) साक्षरोत्तर कार्यक्रमको रूपमा**

१५ देखि ४५ उमेर समूहका महिला पुरुष पौढहरूलाई साक्षर बनाउने उद्देश्यले दिइने यो कार्यक्रमको समयवधि ६ महिनाको हुन्छ यस अन्तर्गत-

१. **पौढ शिक्षा** :

यस शिक्षामा पौढ महिला तथा पुरुषहरूलाई सहभागी गराईन्छ ।

२. **महिला शिक्षा प्रथम** :

महिलाहरूलाई मात्र सहभागी गराइन्छ ।

३. **महिला शिक्षा दोस्रो** :

महिला शिक्षा प्रथम लिइसकेका समूहहरूलाई मात्र आय आर्जन सम्बन्धी ज्ञान दिएर सीपमूलक कामको लागि प्रदान गरिन्छ ।

२०४६ सालको ऐतिहासिक जनआन्दोलन पछि शिक्षासम्बन्धी उच्चस्तरीय आयोग २०४६ को सिफारिसबमोजिम श्री ५ को सरकार शिक्षा मन्त्रालयको मातहतमा रहने गरी अनौपचारिक क्षेत्र सेवा केन्द्र सानोठिमी भक्तपुरद्वारा संचालित यस अनौपचारिक शिक्षा कार्यक्रममा वातावरण, स्वास्थ्य, पोषण, पारिवारिक जीवन जस्ता ७ वटा जीवनपयोगी विषयहरू समावेश गरिएको छ । यो शिक्षा प्राप्त गरेपश्चात् साक्षरता बृद्धि गर्ने, विद्यालय छाडेकालाई विद्यालय फर्काउने काम मात्र गरेको छैन । आयमूलक तालिम जस्तो बाख्रापालन, तरकारी खेती आदि काममा समेत उल्लेखनीय योगदान पुऱ्याएको छ । हाल देशभरिमा वर्षेनी यस शिक्षा अन्तरगत डेड लाखभन्दा बढी मानिसहरूलाई साक्षरता प्रदान गर्दछ । पौढ शिक्षा पढेर नै ८३ वर्षको उमेरमा एस. एल. सी. पास गर्ने सोलुखुम्बु जिल्ला कागेलका राइटर बाजे (रेवन्त कार्की) ले विश्व रेकर्ड राखेका छन् । त्यस्तै यसै शिक्षा पढेका अर्का ६४ वर्षीय सोलुखुम्बु पावै निवासी काजी बहादुर गिरीले पनि हालै SLC पास गरी उच्च शिक्षा समेत पढ्न थालिसकेका छन् । यसकारण सर्वश्रेष्ठ प्राणी मानवका लागि शिक्षा अपरिहार्य कुरा हो यो कोक्रोदेखि शुरु भई चिहानमा गएर मात्र अन्त हुन्छ । शिक्षा लिनलाई उमेरले छेक्दैन भन्ने दरिलो उदाहरणमाथि नै आइसकेको छ । २१ औ शताब्दिमा अनौपचारिक शिक्षाको महत्व बारेमा थप प्रस्ट पार्दै सोलुखुम्बु जिल्लाका जिल्ला शिक्षा अधिकारी उद्धव विष्ट भन्नु हुन्छ - "आजको संसार भनेको शिक्षा र विज्ञानको युग भएको हुँदा यो लिनेले मात्र संसारको स्वर्ग लिन सक्छ। विना शिक्षा प्राणी मात्र हुन्छ शिक्षाले मात्र मानिस बनाउँछ।"●

# आरआरएन गतिविधि

## सामुदायिक खानेपानी तथा सरसफाई व्यवस्थापन तालिम

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आर.आर.एन) रोल्पाद्वारा मिति २०६३।०१।०९ गतेदेखि १२ गतेसम्म संचालन गरियो । उक्त तालिमको उद्घाटन संस्थाका संयोजक श्री रुद्र थापाले गर्नु भएको थियो । उक्त सामुदायिक खानेपानी तथा सरसफाई व्यवस्थापन तालिममा १२ वटा योजनाका उपभोक्ता समितिका २१ जना पदाधिकारीहरूले सफलतापूर्वक सम्पन्न गर्नु भएको थियो । यस तालिमबाट उहाँहरूले खानेपानी तथा सरसफाई व्यवस्थापन बारेमा प्रस्ट भएको कुरा व्यक्त गर्नुभएको थियो । खानेपानी तथा सरसफाईबाट हामीहरू कुन कुन रोगहरूबाट बाँच्न सकिन्छ, चर्पीको प्रयोगबाट के फाईदा हुन्छ, चर्पी कस्तो ठाउँमा बनाउँदा उपयुक्त हुन्छ र धारा तथा सिंचाई योजनामा ब्रिगन भत्कन तथा टुटफुट हुन नदिन के के कुरामा ध्यान दिनु पर्दछ भन्ने कुराहरू राम्ररी बुझेको र तालिम पश्चात् आ-आफ्नो गाउँमा गएर सबै गाउँले तथा छिमेकीलाई पनि बुझाउने र आगामी दिनहरूमा गाउँको सरसफाई, स्वास्थ्य र शिक्षामा क्रमिक सुधार हुँदै जाने कुरा पनि व्यक्त गर्नु भएको थियो । तालिम छोटो अवधिको भएपनि निकै ज्ञानवर्धक भएको पनि सहभागीको तर्फबाट बोल्दै अविजाले खा.पा.यो. का सचिव झुप्पल खड्का, हाउजे खोला खा.पा.यो. भावाङका सचिव दिलबहादुर बाँठा र नौवारी खोला सिंचाई योजनाका टेकबहादुर के.सी. ले आफ्नो मन्तव्यको क्रममा व्यक्त गर्नु भएको थियो । तालिमको समापन कार्यक्रममा हाउजेखोला खा.पा. योजना भावाङका खड्ग बहादुर के.सी.ले आरआरएन रोल्पाको हौसला एउटा कविता बाचन गर्नु भएको थियो ।

हाउजे खोला मुहानको कति चिसो पानी ।
आर.आर.एन.संस्थाको कति राम्रो बानी ॥

गाउँको विकास गर्ने आरआरएन को काम हो ।
अझै ठूला योजना माग्ने जनताको चाहना हो ॥

चारदिने तालिम सकी अब गाउँमा पस्छौ ।
तालिमको महत्व बुझी काममा कम्मर कस्छौ ॥

गरिब दलित ग्रामीण भेगमा पुग्ने सामाजिक संस्था ।
अब पूरा गरिदिन्छ आर.आर.एन ले हाम्रो आस्था ॥

अझै अरु विकास माग्ने हाम्रो चाहना ।
आरआरएनलाई २०६३ सालको शुभकामना ॥

## फलफूल तथा तरकारी प्रशोधन तालिम सम्पन

सोलुखुम्बु सदरमुकाम सल्लेरीमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) र जिल्ला कृषि विकास कार्यालय सोलुखुम्बुको संयुक्त आयोजनामा स्थानीय योङ्ग स्टार क्लवको सभाकक्षमा फलफूल तथा तरकारी प्रशोधन तालिम सम्पन्न भएको छ ।

स्थानीय भेषबहादुर मगर र प्रतिमान होटलमा खाने बस्ने सुविधासहित फाल्गुण ८ देखि १३ गतेसम्म संचालित यस तालिममा जिल्लाका टाक्सिन्दु, काँकु, सल्लेरी गोरखानी, टाप्टिङ्ग, केरुङ, तिङला, मुक्ली, नेचाबेतघारी, देउसा र गार्मा गरी जम्मा ११ गा.वि.स का १६ महिला र १४ पुरुष गरी ३० जना सहभागीहरू थिए भने प्रमोद कोईराला, क्षेत्रीय खाद्य अनुसन्धान विराटनगर र जिल्ला कृषि विकास कार्यालय मोरङ्गका बसन्त अर्यालले सुन्तला, जुनार, निबुवा र लालीगुराँसको स्क्वास, स्याउ, आल्चा जस्ता फलहरूको जाम, टोमाटो केचप, आलु चिप्स, जिन्जर क्यान्डी, मिक्स अचार बनाउने विधिको बारेमा व्यवहारिक प्रयोगात्मक तथा सैदान्तिक ज्ञानमा प्रशिक्षण दिनु भएको थियो ।

त्यसैगरी आलु, तरकारी, अदुवा, च्याउ खेती प्रविधि र रोग किरा व्यवस्थापनमा जिल्ला कृषि विकास कार्यालय सोलुखुम्बुका प्रमुख हरि बहादुर के.सी लगायत महेन्द्र यादव, विजयलाल कर्ण, भोलानाथ घिमिरे र हिरालाल यादवले स्याउ खेती व्यवस्थापन सम्बन्धमा तालिम दिनुभएको थियो ।

उक्त तालिममा सहभागीहरूद्वारा बनाइएका स्क्वास, जाम, जेली, आलु, चिप्स, जिन्जर क्यान्डीहरू प्रर्दशनमा राखिएका थिए । विभिन्न क्षेत्रसँग सम्बन्धित माहानुभावहरूले उक्त परिकार चाख मानी खानु भएकोमा लालीगुंरासद्वारा निर्मित स्क्वास, जाम औधि मनपराएको पाइएको थियो । तालिम संचालनको चौथो दिन निरीक्षणको सिलसिलामा उपस्थित हुनु भएका आरआरएनका क्षेत्रीय संयोजक कुलचन्द्र दाहालले पनि लालीगुंरास स्क्वासको गुणस्तर खुब मन पराउनको साथै यसको उत्पादन गर्न सके बजारमा माग बढनुको साथै राम्रो आय आर्जन हुने बताउदै जीवनमै पहिलो चोटी सोलुखुम्बुमा लालीगुराँसको जाम, स्कवासको स्वाद लिन पाउँदा खुसी लागेको बताउनु भएको थियो । यसै अवसरमा दहालले अभिरुचिपूर्वक सहभागीहरू सँग अन्तरक्रिया गर्नु भएको थियो ।

तालिमको उद्घाटन सत्रमा कृषि विकास कार्यालय खोलुखुम्बुका कृषि प्रसार अधिकृत हरिहर काफ्लेले स्वागत मन्तव्यसहित तालिमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो । त्यसैगरी मन्तव्यकै सिलसिलामा आरआरएन सोलुखुम्बुका जिल्ला संयोजक दावाङ शेर्पा, प्रमुख प्रशिक्षक प्रमोद कोइराला र प्रमुख अतिथि कृषि विकास कार्यलयका प्रमुख हरि बहादुर के.सीले तालिमको शुभकामना सहित आ-आफ्नो धारण राख्नु भएको थियो । कार्यक्रममा उमेश भारतीले उद्घोषण र पार्वती राईले अध्यक्षता गर्नु भएको थियो । १३ फाल्गुण २०६२ तालिम समापन समारोहमा सहभागिको तर्फबाट बालक्यूरी राई, मिन राईले तालिम ज्यादै जीवन उपयोगी भएको र यहाँ सिकेका सीपहरू आफूमात्र राख्ने होइन अरुलाई पनि सिकाउने प्रतिबद्धता व्यक्त गरेका थिए । मन्तव्यकै क्रममा हरि बहादुर के.सी कृषि विकास कार्यलयका प्रमुख, गैरसरकारी महासंघ सोलुखुम्बुका अध्यक्ष बुद्धिनारायण श्रेष्ठ, सोलु एफ एम का भोगेन्द्र बस्नेत, जिल्ला सहकारी कार्यालयका राजकुमार दहालले फलफूल प्रशोधन गर्न आफ्नो क्षेत्रबाट जस्तोसुकै सहयोग गर्न पनि तयार रहेको बताउनु भएको थियो । कार्यक्रममा सहभागीहरूद्वारा शेर्पा संस्कृतिको गीत नृत्य र कविता वाचन गरिएको थियो । प्रमुख अतिथि जिल्ला पशु सेवा कार्यालयका प्रमुख डा.शिवजीप्रसाद दास लगायत सम्पूर्ण अतिथिद्वारा सहभागितात्मक पद्दतिद्वारा प्रमाण-पत्र वितरण गरिएको थियो । चन्द्रा विश्वकर्माको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा उमेश भारतीले उद्घोषण गर्नु भएको थियो । ●

## आरआरएनका उद्देश्यहरू

- ग्रामीण क्षेत्रका गरीब, उत्पीडित तथा नाजुक असुरक्षामा रहेका समूहहरुको सामाजिक-आर्थिक हैसियतमा सुधार गर्न अधिकारको परिप्रेक्ष्यमा विकास कार्यक्रमहरुको कार्यान्वयन गर्नु र प्राकृतिक स्रोत-साधनहरूको तीब्र ह्रासलाई रोकथाम गर्नु,
- प्रासंगिक सामाजिक–आर्थिक र वातावरणीय मुद्दाहरूमा कार्यवाहीउन्मुख अनुसन्धान गर्नु र त्यसका परिणामहरुलाई आफ्नो कार्यक्रम तथा अभियानहरुमा समावेश गर्नु,
- ग्रामीण गरिब, स्थानीय कार्यकर्ताहरू, विध्यार्थी तथा ग्रामीण विकासमा संलग्न अन्य व्यक्तिहरुको उपयोगको लागि जनमूखी शैक्षिक तथा वकालत सामग्री र विकास प्रकाशनहरू प्रकाशित गर्नु,
- गरिबीका, मानवअधिकार उल्लङ्घनका मुख्य कारणहरुलगायत अन्य विकास सम्बन्धी मुख्य मुद्दाहरूमा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा अभियान छेड्नु ।